नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218


## अत्यावश्यकबाहेक लामो यात्रा नगर्न प्रधानमन्त्रीको अनुरोध



समाचार पृष्ठ ५ मा


वर्ष ३ | अंक २४३ | २०८२ साल श्रावण ०५ गते सोमबार | Monday 21, July 2025 | सूर्योदयः बिहान ५:२३ बजे | सूर्यास्तः साँझ ७:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-


# अचाक्ली असुलीपछि कारागारमा कैदी समूहको झडप, १३ जना घाइते



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा कारागारमा दुई समूहबीच भएको झडपमा १३ कैदी घाइते भएका छन् । घाइतेको सिरहास्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए ।

बरालका अनुसार घटनाको विषयमा अनुसन्धान भइरहेको छ । 'अहिले प्राथमिकता घाइतेहरूको उपचारमा दिइएको छ,' उनले भने, 'झडपको कारणबारे अनुसन्धान जारी छ ।'

कारागार स्रोतका अनुसार झडपमा घाइते भएका मध्ये एक जनामाथि कर्तव्य ज्यान मुद्दा रहेको र उनी कारागारको आन्तरिक प्रशासनमा सक्रिय रहेका विजय महतो हुन् । महतोले आफ्नो समूहमार्फत कैदीहरूसँग अवैध रूपमा रकम असुल्ने कार्य गर्दै आएको आरोप छ ।

एक कैदीका अनुसार बारम्बार उजुरी दिँदा पनि असुली रोकिन नसकेपछि झडप भएको हो । 'हामीले सम्बन्धित निकायमा गुनासो ग¥यौँ तर सुनुवाइ भएन,' ती कैदीले भने, 'कतैबाट कारबाही नभएपछि आज झडप हुन पुग्यो ।'

सिरहा कारागारमा यसअघि पनि आन्तरिक प्रशासनले मदिरा र लागूपदार्थको कारोबार गर्ने, विभिन्न बहानामा अवैध असुली गर्ने जस्ता गतिविधि हुँदै आएको सार्वजनिक भइसकेको छ । यिनै आरोपको अनुसन्धान गर्न नेपाल प्रहरीका डिएसपीको नेतृत्वमा छानबिन समिति गठन गरिएको थियो ।

छानबिन समितिले कारागारको सुरक्षामा खटिएका अधिकारीहरूसहित एक दर्जनभन्दा बढी कैदीविरुद्ध कानुनबमोजिम कारबाही गर्न सिफारिस गर्दै प्रतिवेदन बुझाएको थियो । तर, प्रतिवेदन अहिलेसम्म कार्यान्वयनमा नआएको र प्रशासनले आलटाल गर्दै आएको आरोप स्थानीयस्तरबाट उठ्दै आएको छ । प्रहरी र प्रशासनले घटनाबारे थप जानकारी छानबिनपछि सार्वजनिक गर्ने जनाएको छ ।

## होटलमा युवकको हत्या युवतीको संलग्नता आशंका




मधेश प्रदेशको राजधानी जनकपुरधाममा एउटा होटलमा धारिलो हतियार प्रहार गरी युवकको हत्या भएको छ । यति मात्रै होइन, हत्यापछि उनको शव होटलको एक तल्ला माथिबाट खसालिएको अवस्थामा फेला परेको छ ।

हत्या गरिएका व्यक्ति महोत्तरीको महोत्तरी गाउँपालिका–१ पर्साका २८ वर्षीय शनि भनिने बिमलेश यादव हुन् । शनिबार राति जनकपुरधामको जिरोमाइलस्थित होटल एसपी एन्ड गेस्ट हाउसमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको र शव खसेको अवस्थामा फेला परेको धनुषा प्रहरीले जनाएको छ ।

गम्भीर घाइते अवस्थामा रहेका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पु¥याइएको थियो । तर, आइतबार बिहान करिब पौने ८ बजे उपचारक्रममा उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक (डिएसपी) तथा धनुषा प्रहरी प्रवक्ता वरुणबहादुर सिंहले जानकारी दिए ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरी स्रोतका अनुसार मृतक युवक शनिबार राति युवतीसँगै होटलमा बसेका थिए । प्रारम्भिक अनुसन्धानमा ती युवतीले नै हत्या गराएको हुनसक्ने आशंका गरिएको छ । घटनास्थलको फरेन्सिक अध्ययन र सिसिटिभी फुटेज विश्लेषणमार्फत प्रहरीले दोषी पहिचानको प्रयास गरिरहेको छ ।

# पर्सा प्रहरीको आक्रामक अभियान सफल बन्दै




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले शान्तिसुरक्षा कायममा राम्रो प्रगति गरेको छ । जिल्लामा कानूनी शासन स्थापित गर्न र अपराध नियन्त्रणमा महत्त्वपूर्ण सफलता पनि हासिल गरेको छ । फरार प्रतिवादी पक्राउ र मानव बेचबिखनजस्ता गम्भीर अपराधविरुद्ध चलाइएको अभियान सफल भएपछि पर्सा प्रहरी प्रशंसाको पात्र भएको हो ।

प्रहरीको आक्रामक अभियान अन्तर्गत १ हजार ५ सय ११ फरार प्रतिवादी पक्राउ परेका छन् । विभिन्न अदालतबाट दोषी ठहर भई लामो समयदेखि नेपाल तथा भारतका विभिन्न स्थानमा लुकिछिपी बसेका प्रतिवादी पक्राउसँगै ७३ वर्ष २ महिना कैद सजाय र ३ करोड ५५ लाख १२ हजार ९ सय ५६ रुपैयाँ जरिवाना असुल भएको प्रहरी उपरीक्षक गौतम मिश्रले बताए ।

'अभियानले पीडितलाई न्याय दिलाउन र समाजमा अराजकता कम गर्न महत्वपूर्ण योगदान पुगेको महसुस गरेका छौं,' मिश्रले भने, 'समाजलाई अपराधमुक्त बनाउने र नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउने काममा प्रहरी सक्रिय भएको महसुस नागरिकले गरेका छन्, यही प्रहरी संगठनको उपलब्धी हो ।'

भारतीय सीमासँग जोडिएको जिल्ला भएकाले मानव बेचबिखनको उच्च जोखिममा पनि प्रहरीले सर्तकता अपनाएको छ । जघन्य अपराधविरुद्ध प्रहरीको अभियान जारी छ । प्रहरी उपरीक्षक मिश्र पर्सामा आएपछि सञ्चालित अभियान अन्तर्गत मानव बेचबिखनका १२ वटा मुद्दामा १३ जनालाई पक्राउ गरिएको छ । प्रहरीले होटल व्यवसायीसँगको सहकार्यमा लक्षित वर्गलाई चेतनामूलक कार्यक्रम गरेको छ । फरार प्रतिवादीको खोजी र नियन्त्रणका लागि पर्सा प्रहरीले सञ्चालन गरेको अभियान निकै प्रभावकारी बनेको छ ।

प्रहरी उपरीक्षक मिश्रले भने, 'कुनै पनि राजनीतिक दबाब वा पहुँचका आधारमा फरार अपराधी छुट्ने छैन, बाँकी फरार प्रतिवादीसमेत पक्राउ गर्न अभियान अरु आक्रामक बनाइएको छ ।'

# शेखरले ढाल्लान् त आफ्नै गठबन्धनको सरकार ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाको दौडधूपले नेपाली राजनीतिमा तरंग ल्याएको छ । आफ्नै पार्टीको गठबन्धनको बहुमतको सरकार ढाल्ने प्रपञ्च अनुसार शेखर कोइराला परिचालन भएको भन्दै यसले सबैलाई तरंगित गरेको हो ।

पछिल्लो समय कोइरालाले खुमलटारदेखि भंगालसम्मको दौडधुप भ्याए । नयाँ सत्ता समीकरण बनाउने कसरत अन्तर्गत यो दौडधूप भएको बताइएको छ । साउन १ गते पूर्वप्रधानमन्त्री तथा प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड निवास पुगेका कोइरालाले दुई घण्टा छलफल गरेपछि यसका बाछिटाले नेपाली राजनीति भिज्न थालेको हो ।

उनले प्रचण्डसँग केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारविरुद्ध तीव्र निराशा पोखेका थिए । नयाँ समीकरण बनाउन प्रचण्डसँग छलफल गरेका थिए । प्रचण्डलाई भेटेको भोलिपल्ट कोइराला पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी भेट्न बूढानीलकण्ठस्थित भंगाल पुगेपछि यसको तरंग अरु बढेको हो । भण्डारी २१ दिनअघि मात्र एमालेको सक्रिय राजनीतिमा फर्किएकी चर्चापछि एमालेमा पनि यो विषय सचिवालय बैठकदेखि केन्द्रीय समितिसम्म चर्चा हुँदैछ ।

असार २६ गते कांग्रेसको अनुशासन समितिले अघिल्लो निर्वाचनमा आधिकारिक उम्मेदवारलाई हराउन भूमिका खेलेका आफू पक्षका १८ जनालाई कारबाही गरेपछि कोइराला सभापति शेरबहादुर देउवासँग अत्यन्त दूर बनाइरहेका छन् । उनले असार २७ गते नै आफूनिकट नेताहरूसँग छलफल गरेका थिए । निर्वाचन भएको साढे दुई वर्षपछि संस्थापनइतरका नेता तथा कार्यकर्तालाई छानीछानी कारबाही भएपछि नेतृत्वमाथि दबाबका लागि कोइराला खुमलटारदेखि भंगालसम्म दौडधुपमा लागेका हुन् ।

यति मात्रै होइन, आइतबार कोइरालाले आफूनिकट सांसदहरूको भेला होटल याक एन्ड यतीमा बोलाए । दुई तिहाइको ओली सरकारले केही पनि काम गर्न नसकेकाले नयाँ समीकरण बनाउन विपक्षी दलहरूसँग कोइरालाले छलफल गसिररहेको स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंहको भनाइ छ । कोइरालाले सरकार बनाउन खोज्दा कतै कांग्रेस विभाजनको मुखमा पो पुग्ने हो कि भन्ने अर्को तरंग पनि चलेको छ । कांग्रेसका ८९ सांसदमध्ये ६४ मत ल्याएर संसदीय दलमा शेरबहादुर देउवा विजयी भए । संस्थापनइतरसँग कोइराला र गगन थापा समूह एक ठाउँमा उभिए कम्तीमा ३१ जना सांसद पुग्ने देखिन्छ । यो संख्या बढेर अहिले कोइराला समूहमा ४१ सांसद रहेको बताइएको छ ।

कोइराला–थापा समूहका ३१ जना सांसदलाई आधार मान्दा सरकार फेर्न कोइरालाले बहुमतका लागि थप १०७ सांसदको समर्थन जुटाउनु पर्छ । नेकपा माओवादी केन्द्रसँग ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग २०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग १२, एकीकृत नेकपा समाजवादीसँग ९, जसपा नेपालसँग ५, नागरिक उन्मुक्ति पार्टीसँग ४ सांसद छन् । यसैगरी, आम जनता पार्टी (आजपा), राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर पार्टी (नेमकिपा)सँग १÷–१ गरी ३ र स्वतन्त्रसँग २ सांसद छन् । यी सबै दलको समर्थन पाउँदा ११८ मत पुग्नेछ । यसमा जनमत पार्टीको ६ र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को ४ जना सांसदको समर्थन प्राप्त गरे १ सय २८ सांसद पुग्नेछ । विभिन्न समयमा निलम्बनमा परेका चार र सभामुख मतदान प्रक्रियामा भाग लिन नपाउने भएकाले कोइरालाको मनोबल बढेको बताइएको छ ।









**शृङ्गारिक महाआरतीः** दाङको घोराही उपमहानगरपालिका –५ धारापानीमा रहेको पाण्डवेश्वर मन्दिरमा साउन १ गतेदेखि शुरु भएको शिवपुरान तथा शृङ्गारिक महाआरतीमा आइतबार गरिएको आरती । तस्बिरः रासस

# देशभर ७२ र मधेशमा जम्मा ४६ प्रतिशत रोपाइँ

**मधेशदृष्टि**
**वीरगंज ।**
यसवर्ष देशभर ७२ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ । सामान्यतः जेठ अन्तिमदेखि धान रोपाइँ शुरु हुनेगरेकामा साउन ४ गतेसम्म सात प्रदेशको पछिल्लो तथ्यांकअनुसार ७२ दशमलव १४ प्रतिशत मात्र रोपाइँ भएको हो । जबकि गतवर्ष यही अवधिसम्म देशभर ८४ दशमलब ६ प्रतिशत भूभागमा धान रोपाइँ भइसकेको कृषि तथा पशुपंछी मन्त्रालय अन्तर्गतको कृषि विभागको तथ्याकंले देखाउँछ । विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका अनुसार सबभन्दा बढी धान खेती हुने मधेश प्रदेशमा आइतबारसम्म जम्मा ४६ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ । मधेशमा सुक्खाका कारण रोपाइँ प्रभावित भएको हो ।

सिँचाइ अभावले साउन लाग्दासम्म पनि धेरै क्षेत्रमा रोपाइँ प्रभावित भएको देखिन्छ ।

मधेशमा ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर क्षेत्रफलमा धान खेतीयोग्य भूभाग छ । जसमा हालसम्म १ लाख ७४ हजार ५ सय ८ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको विभागले जनाएको छ ।

मधेशपछि बढी धान खेती हुने प्रदेश लुम्बिनी हो । लुम्बिनीको ३ लाख २ हजार ९ सय ३९ हेक्टरमध्ये २ लाख ६६ हजार ३ सय ६९ हेक्टरमा रोपाइँ भएको छ । यस्तै कोशी प्रदेशमा ६१ दशमलब ७९ प्रतिशत, बागमतीमा ८७ दशमलब १९ प्रतिशत, गण्डकीमा ७९ दशमलब २८ प्रतिशत र लुम्बिनी र कर्णालीमा समान ८७ दशमलब ९३ प्रतिशत रोपाइँ भएको छ ।

# जय माँ जानकी समाज सेवा कतारमा शपथ

**मधेशदृष्टि**
**दोहा, कतार ।**



जय माँ जानकी सेवा समाज कतारको दोस्रो महाधिवेशनको खुला र बन्द गरी दुई चरणमा सम्पन्न अधिवेशनमार्फत चयन भएका नयाँ कार्यसमितिलाई शपथ ग्रहण गराइएको छ । जुलाइ ११ तारिखमा सम्पन्न दोस्रो महाधिवेशनको बन्द सत्रबाट समाजका अध्यक्ष लालबाबु साहको अध्यक्षतामा चयन भएको नयाँ कार्यसमितिका पदाधिकारीमा उपाध्यक्ष पदमा विनोद पासवान, नथुनी साह, महासचिव रामसिकिल यादव, सचिव हंसराम यादव, कोषाध्यक्ष जयनारायण साह, सहकोषाध्यक्ष रामउद्गार यादव चयन भएका छन् ।

त्यस्तै, वरिष्ठ सल्लाहकार ई. उमेश कुमार यादव, चन्द्रवीर यादव, सल्लाहकारहरु कामेश्वर यादव, रामभरोस यादव, जगदीश कापर, सन्तोष दास, महेन्द्र यादव, ब्रह्मदेव मण्डल, रामकरण महतो, निर्भय सिंह, खेसारीलाल यादव र रामएकवाल राम चयन भएका छन् । त्यस्तै, मिडिया कोर्डिनेटरमा ईन्द्रजीत यादव र आशिष यादवलाई चयन गरिएको छ । कार्यकारी सदस्यहरु राजकुमार यादव, अजय साह, श्री प्रसाद राउत, राकेश साह, शितल यादव, विनय कुमार कुश्वाहा, सुरज यादव, सरोज यादव, शंकर यादव, भवेश दास छन् । त्यस्तै कुशे मुखिया, लालबाबु मोहम्मद, कुमल राउट, गुगली पासवान, अजय ठाकुर, राकेश महतो, सन्तोष दास, अजय साह, दयाराम साह कलवार, रामकुमार महतो, प्रकाश पौडेल, लक्ष्मी साह, जयकुमार यादव, अरुण कुमार ठाकुर, देवनारायण साह हकुवाई र रामनारायण साहलाई शपथ गराइएको छ । संस्थाका सल्लाहकार चन्द्रवीर यादवले शुक्रबार सर्वसम्मत निर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए ।

# ‘बरघर भलमन्सा’ प्रथालाई कानूनी मान्यता दिँदै सरकार

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेश सरकारले थारू समुदायमा प्रचलनमा रहेको ‘बरघर भलमन्सा’ प्रथालाई नियमन गरेर कानूनी मान्यता दिने प्रक्रिया अघि बढाएको छ । सरकारले प्रदेशसभा सचिवालयमा केही दिनअघि ‘सुदूरपश्चिम प्रदेश बरघर र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ दर्ता गराएर यस प्रथालाई नियमन गर्ने प्रक्रिया अघि बढाएको हो ।

प्रदेशमा बसोबास गर्ने आदिवासी थारू जातिभित्र परम्परादेखि प्रचलनमा रहेको बरघर भलमन्सा प्रथालाई संरक्षण, विकास र नियमन गर्न आवश्यक भएको प्रस्तावित विधेयकमा उल्लेख छ । विधेयकमा थारू जातिको बसोबास रहेका प्रत्येक गाउँमा एउटा बरघर भलमन्सा प्रणाली रहने र प्रदेश सरकाले आफ्नो वार्षिक बजेट कार्यक्रममा यसा प्रणालीको संरक्षण, विकास एवम् संवद्र्धन गर्नका लागि आवश्यक बजेट तथा अनुदान रकम उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ । थारू समुदायबाट यस प्रथालाई कानुनी मान्यता दिनुपर्ने माग उठ्दै आएको थियो । यहाँ कैलाली र कञ्चनपुरमा थारु समुदायको बसोबास रहेको छ ।

यसअघि मुख्यमन्त्री कमलबहादुर शाहले धनगढीमा हालै आयोजित मुक्तकमैया दिवस समारोहमा थारू समुदायको संस्कृति संरक्षणका लागि बरघर भलमन्सा प्रथाको संरक्षण एवं संवद्र्धनका लागि ऐन बनाउन लागिएको जानकारी गराएका थिए । ‘थारू समुदायको बरघर भलमन्सा प्रथालाई कानुनी मान्यता दिनका लागि विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत भएर प्रदेशसभा सचिवालयमा दर्ता भइसकेको छ । यसका साथै सरकारले हलिया, कम्लरी, कमैयाको जीविकोपार्जन र आयआर्जनका लागि कार्यविधि बनाएर अघि बढेको छ,’ उनले भने ।

बडघर भलमन्सा प्रथाले कानुनी मान्यता पाउन सकेमा थारू समुदायको संस्कृति संरक्षणमा टेवा पुग्ने विश्वास गरिएको छ । गाउँको एक मुख्य व्यक्तिलाई ‘भलमन्सा’का रूपमा छनोट गर्नुपर्ने प्रचलन थारू समुदायमा सदियौँदेखि रहेको छ । भलमन्साले लाय अह्राएको काम गाउँवासीले गर्नुपर्ने हुन्छ । हरेक वर्ष माघी पर्व शुरु भएसँगै थारूबस्तीमा भलमन्सा छनोट गर्ने प्रचलन छ । भलमन्सा चयन भएसँगै निजको घरलाई ‘बरघर’का रूपमा चिन्ने गरिन्छ । ‘माघी’लाई यो समुदायमा नयाँ वर्ष आरम्भका रूपमा उल्लासपूर्वक मनाइन्छ ।

भलमन्सालाई सकभर सर्वसम्मतिले र त्यसो हुन नसके निर्वाचन प्रक्रिया अथवा गोला (चिट्ठा) प्रक्रिया अपनाएर प्रजातान्त्रिक ढङ्गले छनोट गर्ने गरिन्छ । पूरै वडाको हकमा निर्वाचित जनप्रतिनिधिको भूमिका रहने गरेको भए पनि समुदायको गाउँटोलका हकमा भने बढी भूमिका परम्पराअनुसार भलमन्साको हुने गरेको छ ।

गाउँमा बेलाबखत हुने बैठकमा गाउँटोलमा भलमन्साको नेतृत्वमा भएका कामबारे आपसमा छलफल, विश्लेषण, गुनासो सुन्ने र सुनाउने काम हुनेगर्छ । वर्षभरि भलमन्साको नेतृत्वमा गाउँमा भए गरेका कामको समीक्षा, सार्वजनिक काममा भएको खर्चको हिसाबकिताब गरी नयाँ खाता सञ्चालन गर्नेजस्ता काम पनि गरिन्छ ।

भलमन्सा बरघर प्रथाअन्तर्गत गुरुवा, चिरक्या, चौकीदार, अघरियाजस्ता पदमा समेत विभिन्न व्यक्तिको छनोट गरिन्छ । ‘गुरुवा’ (वैद्यको काम गर्ने)ले मानिस, गाईवस्तु र अन्नबालीमा देखिने रोगको समस्या समाधान गर्ने जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । ‘चिरक्या’ले देवस्थल र घरमा हुने शुभकार्यमा बत्ती बालेर पूजाको कामको जिम्मेवारी बहन गर्नुपर्ने मान्यता रहेको जानकारहरूको भनाइ छ । यस्तै, ‘चौकीदार’ले आफ्नो गाउँठाउँमा कुनै कामका लागि भेला बोलाउनु परेमा गाउँका मान्छेलाई हाँक गर्ने (बोलाउने) काम र अघरियाले भलमन्साको सहायकका रूपमा काम गर्नुपर्ने परम्परा छ ।

भलमन्साको निर्देशन गाउँका अन्य सदस्यले मान्नुपर्ने प्रचलनका कारण नै गाउँको अनुशासन कायम हुने र सामूहिकतामा काम गर्ने प्रचलन थारू गाउँमा रहेको पाइन्छ । यस्तो परम्पराले गाउँको एकता र सामूहिकताको विकास हुने मात्र नभई गाउँको अनुशासन पनि कायम गर्नमा टेवा पुग्ने गरेको थारू बुद्धिजीवीको भनाइ छ । यस्तो प्रचलनका कारण नै थारू गाउँमा नेतृत्वकर्ताको बेग्लै महत्व र सम्मान हुने गर्छ । कामको मूल्याङ्कनका आधारमा भलमन्सालाई पुनः सोही पदको जिम्मेवारी दिने र काम सन्तोषजनक नभएमा हटाउने गरिन्छ ।

समग्र गाउँको संरक्षण, विकास निर्माणका काम, कुलोपानी, बिजुलीबत्तीको व्यवस्था, गाउँघरमा आइपर्ने दुःखसुखमा सामूहिक सहयोगको भावना जगाउने काम गाउँको नेतृत्वकर्ता (भलमन्सा)ले गर्ने गरेकाले पनि यसको महत्त्व रहेको छ । भलमन्साको आदेशमा गाउँका यावत् काम गर्न जानुपर्ने कामलाई ‘बेगारी’ जाने भनिन्छ । बेगारी जान नसक्नेले तोकिएबमोजिमको जरिवानासमेत तिर्नुपर्ने हुन्छ । भलमन्सा पदको जिम्मेवारी बहन गर्ने अधिकांशले स्वयंसेवीका रूपमा काम गर्ने गरेका छन् । कतिपय गाउँमा भने यो पदमा बसेर काम गर्नेलाई समुदायको निर्णयअनुसार पारिश्रमिकका रूपमा खाद्यान्न उपलब्ध गराउने गरिन्छ ।

थारू कल्याणकारिणीसभाका केन्द्रीय उपाध्यक्ष प्रभातकुमार चौधरी ऐनले भलमन्सालाई अधिकार दिएमा यसले गाउँमा हुने झैझगडा, जग्गा र अंशबन्डा जस्ता विवादलाई गाउँमै निरुपण गर्न ठूलो योगदान पुग्ने बताउँछन् । उनी भन्छन्, ‘यो प्रथा सदियौँदेखि लोकतन्त्रको नमुनाका रूपमा प्रचलनमा छ, प्रथालाई सरकारले कानूनी मान्यता दिन पहल गर्नु स्वागतयोग्य कुरा हो ।’ धनगढी नगर भलमन्सा समितिका अध्यक्ष एवम् थारू बुद्धिजीवी रोहितकुमार चौधरी समुदायको कला, संस्कृति, रीतिरिवाज, चालचलन, वेशभूषा जस्ता विशिष्ट पक्षको संरक्षण गर्न र समुदायको पहिचान जोगाउनकै लागि भए पनि यो प्रथा जीवन्त राख्न जरूरी रहेको बताउँछन् । ‘मुख्य कुरा थारू समुदायको सहभागिता हो, योजनाको छनोटदेखि कार्यान्वयनसम्म बरघर भलमन्सालाई भूमिका दिने व्यवस्था गर्न सकिए अझ राम्रो हुनेछ,’ उनले भने, ‘सरकारले अघि सारेको कदम स्वागत योग्य छ । अब त्यसलाई भलमन्सामैत्री बनाउन लाग्नुपर्छ ।’ कतिपय थारू बस्तीमा निर्वाचित जनप्रतिनिधिभन्दा बरघर प्रथालाई बढी विश्वास गर्ने गरिएको अवस्थामा यसलाई कानूनी मान्यता दिनु सान्दर्भिक रहेको थारू बुद्धिजीवीको भनाइ छ । महत्त्व बढी भए पनि यस्ता प्रथा एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुनमा केही समस्या देखिएकाले त्यसलाई पनि सम्बोधन गर्नुपर्ने सरोकार भएकाहरूको आग्रह छ । रासस

# पोखरामा अन्तर–प्रदेश अनुभव आदानप्रदान

**गण्डकी ।**
मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना कार्यान्वयन र प्रभावकारिता विषयमा गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको अन्तर–प्रदेश अनुभव आदानप्रदान पोखरामा भएको छ ।

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी) नेपालको आयोजना एवम् स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको सहजीकरणमा आयोजित कार्यक्रममा गण्डकी प्रदेका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक, लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारु, कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीसहित मन्त्रालयका सचिव एवम् अन्य कर्मचारीको सहभागिता थियो ।

गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री पाठकले डिजिटल हेल्थ, अस्पतालको सुदृढिकरण र मानसिक स्वास्थ्य समस्याको क्षेत्रमा गण्डकी प्रदेशले गरिरहेको कामबारे जानकारी गराए । गण्डकीमा गरिएको स्वास्थ्य क्षेत्रको काम सङ्घीय सरकारका लागि सिकाइ हुने भए पनि त्यसको बेवास्ता हुने गरेको उनले बताए ।

केन्द्रले पर्याप्त अधिकार नदिए पनि गण्डकीले स्वास्थ्य सुधारका लागि नीति, कानून र संरचनागत कुरामा टेकेर अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना अघि सारेर काम गरिरहेको मन्त्री पाठकको भनाइ छ । अस्पताल आर्थिक रूपमा आत्मनिर्भर भएर राज्यलाई पनि योगदान गर्नसक्ने कुरालाई दृष्टिगत गरी गण्डकी प्रदेशबाट त्यसको सुरुआत गरिएको उनले बताए ।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री सारुले गण्डकीले गरेको डिजीटल हेल्थ लुम्बिनीका लागि महत्वपूर्ण सिकाइ भएको बताए । यस किसिमका असल अभ्यासलाई प्रदेशबीच एकापसमा आदानप्रदान गर्नसके प्रदेश स्थापनाको औचित्य थप प्रमाणित गर्न सकिने उनले बताए ।

हाम्रो समाजमा नकरात्मक सोच बढीरहेको उल्लेख गर्दै मन्त्री सारुले त्यसले समाजलाई विखण्डित बनाएको बताए । मानसिक स्वास्थ्यका क्षेत्रमा लगानी बढाउनुपर्ने उनको सुझाव छ । कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री भण्डारीले प्रदेशले स्वास्थ्यका क्षेत्रमा गरेको विकासले प्रदेशको औचित्यलाई प्रमाणित गराएको बताए । मनोसामाजिक परामर्शका क्षेत्रमा प्रदेशले पर्याप्त लगानी गर्न नसकेको जिककिर गर्दै उनले यसतर्फ गम्भीर बन्न आग्रह गरे । गण्डकीले स्वास्थ्य क्षेत्रमा गरेको राम्रो अभ्यासलाई अनुकरण गर्ने मन्त्री भण्डारीको भनाइ थियो ।

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी) नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले नेपालमा मानसिक स्वास्थ्यको समस्या र समाधानका उपायबारे प्रस्तुतिकरण गर्दै अपाङ्गता गराउने प्रमुख १० समस्यामध्ये चारवटाले मानसिक स्वास्थ्य समस्या पर्ने बताए ।

उनका अनुसार गत आर्थिक वर्षमा सात हजार २२३ व्यक्ति (प्रति एक लाखमा २५ जना)ले आत्महत्या गरेका थिए । आर्थिक वर्ष २०८१–८२ को जेठ सम्ममा नेपालमा ६ हजार ८६ जनाले आत्महत्या गरेकामा ५ सय ६७ जना गण्डकी प्रदेशका रहेका उनले जानकारी दिए । सात प्रदेशमध्ये सबैभन्दा कम आत्महत्या दर (प्रति एक लाखमा १९ जना) कर्णालीमा रहेको सो अवसरमा जानकारी गराइयो । गण्डकी प्रदेशका स्वास्थ्य सचिव डा विश्वबन्धु बगालेले अन्तरप्रदेश अनुभव आदान प्रदानले एकापसका असल अभ्यासलाई अनुकरण गर्न सहयोग पुग्ने धारणा राखे । लुम्बिनी प्रदेशको स्वास्थ्य मन्त्रालयका शैलेन्द्रकुमार पाण्डेले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य समस्याको अवस्था, मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना र केही महत्वपूर्ण उपलब्धि लगायतका विषयमा प्रकाश पारे ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले डिजिटल गण्डकी, मानसिक स्वास्थ्य प्रोफाइललगायत गण्डकी प्रदेशमा मानसिक स्वास्थ्यका क्षेत्रमा गरिएका सकरात्मक अभ्यास र चुनौती, समाधानका प्रयासबारे जानकारी गराए । लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठले गण्डकीले डिजिटल हेल्थमा गरेको प्रयासको सराहना गर्दै असल अभ्यासको अनुकरणसँगै एकतावद्ध प्रयासमा जोड दिइन् । सिएमसीका प्राविधिक निर्देशक डा पशुपति महतले मानसिक रुपमा स्वस्थ मानिसले चाहेको काम गर्नसक्ने बताउँदै तीनवटै प्रदेश मिलेर अघि बढेमा मानसिक स्वास्थ्यमा राम्रो उपलब्धि हासिल हुने धारणा राखे । कार्यक्रममा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशका बृषबहादुर शाही, प्रादेशिक स्वास्थ्य निर्देशनालय गण्डकीका महाशाखा प्रमुख डा रमेशकुमार केसी, बुद्धिसागर अधिकारीलगायतले आआफ्ना धारणा राखे । रासस

# राति सवारी नचलाउन आग्रह

**स्याङ्जा ।**
सम्भावित जोखिमलाई मध्यनजर गर्दै आज राति स्याङ्जामा सवारीसाधन सञ्चालन नगर्न आग्रह गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाले स्याङ्जासहित छिमेकी जिल्लाहरूमा भारी वर्षा हुने प्रक्षेपण गरेकाले सम्भावित जोखिमलाई मध्यनजर गरी रातको समयमा सवारीसाधन सञ्चालन नगर्न–नगराउन अनुरोध गरेको हो । स्याङ्जामा आज बिहानदेखि अविरल वर्षा भइरहेको र भोलिसम्म वर्षा हुने भएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै जनधनको क्षति हुन नदिन जिल्ला सुरक्षा समितिले निर्णय राति सवारीसाधन नचलाउन आग्रह गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए । ‘मौसम पूर्वानुमान महाशाखाले भारी वर्षा हुने भनी प्रक्षेपण गरेकाले आइतबार साँझ ५ बजेदेखि भोलि बिहान ५ बजेसम्म १२ घण्टा अत्यावश्यकबाहेक अन्य कुनै पनि सवारीसाधन सञ्चालन नगर्न अनुरोध गरेका छौँ,’ उनले भने, ‘अत्यावश्यकबाहेकका सवारीसाधन सञ्चालन गर्नैपर्ने अवस्था आए नजिकको सुरक्षा निकायसँग समन्वय गर्न आग्रह छ ।’

जिल्लाको मध्यभाग भएर सुनौली–पोखरा जोड्ने सिद्धार्थ राजमार्ग करिब ९० किलोमिटर रहेको छ । यस राजमार्ग तथा जिल्लाभित्रका अन्य सहायक सडकमा पनि रातको समयमा सवारीसाधन सञ्चालन नगर्न जिल्ला सुरक्षा समितिले निर्णयसहित अनुरोध गरेको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले बताए । सम्भावित वर्षाका कारणले भूक्ष्य, बाढी, पहिरोको जोखिम रहेकाले कालीगण्डकी नदी किनार, आँधीखोलालगायतका स्थानीय खोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन पनि सबैलाई आग्रह गरिएको छ । रासस



पम्पसेटको मद्दतले रोपाइँः सप्तरीको छिन्नमस्ता गाउँपालिका–१ सखडामा पम्पसेटको मद्दतले रोपाइँ । सिँचाइको अभाव र वर्षात् समयमा नहुँदै यहाँका किसानले पम्पसेटको भरमा रोपाइँ गर्नुपरेको छ । तस्बिरः रासस

# राजस्व कार्यालयद्वारा नौ अर्ब ४१ करोड राजस्व सङ्कलन

**वीरगंज ।**
आन्तरिक राजस्व कार्यालय वीरगंजले गत आर्थिक वर्षमा नौ अर्ब ४५ करोड ९५ लाख सात हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले आव २०८०–८१ को तुलनामा गत आर्थिक वर्षमा दुई अर्ब ५८ करोड रुपैयाँ बढी राजस्व सङ्कलन गरेको हो ।




कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईँले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा राजस्व सङ्कलनको वृद्धिदर भने ३५ दशमलव ५७ प्रतिशत रहेको बताए । 'आन्तरिक राजस्व विभागले गत आवमा कार्यालयलाई आठ अर्ब ७१ करोड ८२ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो,' उनले भने, 'कार्यालयले गत आवभरिमा वार्षिक लक्ष्यको एक सय नौ प्रतिशत लक्ष्य हासिल गरेको छ । कार्यालयले विभागबाट निर्धारित कार्यात्मक सूचकका आधारमा 'एक प्लस' स्तर प्राप्त गर्न सकेका छौँ ।'

विभागले आव २०८०–८१ का लागि भने नौ अर्ब ४१ करोड ९७ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, यो अवधिमा कार्यालयले वार्षिक लक्ष्यको ७२ दशमलव ९३ अर्थात् छ अर्ब ८७ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । प्रमुख कर अधिकृत चौलागाईँले कार्यालयले बक्यौता रकम असुलीमा कडाइ गरेकाले पनि लक्ष्यभन्दा धेरै राजस्व सङ्कलन गर्न सफल भएको बताए । 'चैत महिनामै राजस्व नबुझाउने करदाताको बैंक खाता, घरजग्गा, आयात–निर्यात रोक्का गरियो । जसबाट राजस्व सङ्कलनको लक्ष्य पुग्नमा धेरै मद्दत पुग्यो,' उनले भने, 'कार्यालयले सघन बजार अनुगमनको दायरा विस्तार र करदाता शिक्षालगायत चेतनामूलक कार्यक्रमले पनि राजस्व बढ्न सकेको हो ।'

कार्यालयले गत आवमा अन्तःशुल्क करतर्फ तीन अर्ब नौ करोड ५७ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा यो शीर्षकमा चार अर्ब १३ करोड ७३ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । त्यस्तै कार्यालयले गत आवभरिमा आयकरतर्फ दुई अर्ब ८९ करोड ९९ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा यो शीर्षकमा तीन अर्ब १० करोड १५ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले गत आवमा मूल्य अभिवृद्धि करतर्फ भने दुई अर्ब ५८ करोड ८७ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा यो शीर्षकमा दुई अर्ब १२ करोड ९१ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ । प्रमुख कर अधिकृत चौलागाईँले मूल्य अभिवृद्धि कर लक्ष्यअनुसार सङ्कलन नहुनुमा यहाँका १५ वटा करदाताको कारोबारको सीमा नाघेर ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा गएकाले पनि सो लक्ष्य प्राप्त हुन नसकेको बताए । रासस

# पत्रकार प्रजापति मृत फेला



**मधेशदृष्टि**
**रौतहट ।**
पत्रकार रविन्द्र प्रजापति घरमै झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । कटहरिया नगरपालिका–५ निवासी ३० वर्षीय प्रजापति शनिबार राति करिब ९ बजे झुण्डिएको अवस्थामा भेटिएका हुन् ।

परिवारले उद्धार गरी उनलाई तत्काल नजिकको स्वास्थ्य चौकी हुँदै गरुडास्थित ग्राण्डी अस्पताल पु¥याएको थियो । तर, राति १० बजे चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक रायले जानकारी दिए । प्रजापति कटहरिया म्युजिकल एफएममा कार्यरत थिए । प्रहरीका अनुसार उनी केही दिनदेखि पारिवारिक तनावमा थिए । प्रारम्भिक अनुसन्धानमा आत्महत्या गर्नुको कारण यही हुनसक्ने अनुमान गरिएको छ । तर, जेठ महिनाको अन्त्यतिर समाचार सामग्रीका कारण कटहरिया नगरपालिकाका मेयर जयप्रकाश जयसवालले पनि धम्की दिएपछि उनी अरु तनावमा परेका थिए । पछि यो विवाद समाधान भइसकेको पनि थियो ।

# मधेशका डिआइजीद्वारा मातहतमा निर्देशन



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश प्रहरी प्रमुख, प्रहरी नायव महानिरीक्षक (डिआइजी) उमा प्रसाद चतुर्वेदीले मधेशको वर्तमान शान्ति सुरक्षाको अवस्था र भावी कार्यदिशाबारे मातहतका कार्यालय प्रमुखलाई निर्देशन दिएका छन् । आइतबार भर्चुअल कार्यक्रममार्फत मधेश प्रदेश प्रहरी कार्यालय अन्तर्गतका विभिन्न कार्यालयका प्रमुखहरूलाई प्रहरी नायव महानिरीक्षक चतुर्वेदीले निर्देशन दिएका हुन् । डिआइजी चतुर्वेदीले सम्बोधनक्रममा मातहतका एकाइको काम कारबाहीको सुपरीवेक्षण, प्रहरी आचरण तथा अनुशासन र शान्ति सुरक्षालाई चुस्त दुरुस्त राख्नुपर्नेमा जोड दिए । उनले गैर–व्यावसायिक प्रहरी कर्मचारीलाई तत्काल विभागीय कारबाही गरी दण्डित गर्न पर्साका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रसहित आठ वटै जिल्लाका प्रमुखलाई निर्देशन दिए ।

# विद्यालयमा राखी बनाउने प्रतियोगिता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १२ मुर्लीस्थित विद्या सदन माध्यमिक विद्यालयमा अन्तर सदन राखी बनाउने प्रतियोगिता भएको छ । नेपाली संस्कृति, सृजनशीलता र प्रेमको प्रवद्र्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा कक्षा १ देखि १० सम्मका विद्यार्थी तीन समूहमा सहभागी भएका थिए ।

प्रतियोगितामा समूह 'ए' अन्तर्गत कक्षा १ देखि ३ का विद्यार्थी, 'बि' मा कक्षा ४ देखि ७ र 'सि' मा कक्षा ८ देखि १० का विद्यार्थी सहभागी थिए । विभिन्न हाउसबाट सहभागी विद्यार्थीहरूले रंगीन, कलात्मक र भावनात्मक राखीहरू प्रस्तुत गरेका थिए । वेलनेस तथा लाइफस्टाइल ट्रेनर स्वेता महेश्वरीले विद्यार्थीहरूमा देखिएको कला र आत्मविश्वासको प्रशंसा गर्दै यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताए । विजेता विद्यार्थीहरूलाई प्रमाणपत्र र मेडल वितरण गरिएको थियो । कार्यक्रमको संयोजन शिक्षिका सञ्जना गिरीले गरेका थिए भने विद्यालयका प्रधानाध्यापक लाल बहादुर गुरुङले विजेता र सहभागी सबैलाई बधाई दिँदै आगामी दिनमा यस्ता सिर्जनात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

# तरकारी नकिनेपछि किसानद्वारा आन्दोलन

**मधेशदृष्टि**
**वीरगंज ।**
थोक व्यापारीले तरकारी नकिनेपछि किसानले आइतबार बिहानदेखि सर्लाहीको लालबन्दीस्थित पूर्व–पश्चिम राजमार्ग अवरुद्ध पारेका थिए । बिक्रीका लागि लालबन्दीस्थित कृषि उपज संकलन केन्द्रमा ल्याएको तरकारी व्यापारीहरुले खरिद नगरेपछि किसानहरु तरकारी नै बोकेर राजमार्गमा उभिएका हुन् ।

आफूले उत्पादन गरेको तरकारी व्यापारीले नकिनेपछि बाध्य भएर राजमार्गमा आउनुपरेको किसानको भनाइ छ । यता राजमार्ग अवरुद्ध हुँदा लामो दूरी चल्ने सवारीसाधनको लाम लागेको छ । यात्रुले सास्ती खेपिरहेका छन् । लालबन्दी नगरपालिकाले निकासी कर लगाएकाले थोक व्यापारीहरुले किसानको तरकारी नकिनेको कृषि उपज संकलन केन्द्रका अध्यक्ष प्रमोद थपलियाले जानकारी दिए ।

यसअघि मेयर, दलीय प्रतिनिधि र व्यापारीबीच भएको छलफलमा साउनदेखि लागू हुने नयाँ करको विषयमा नगरसभाबाट निर्णय गर्ने सहमति भएकामा त्यसको कार्यान्वयन नभएकाले तरकारी खरिद गर्न नसकिएको उनले बताए ।

# मधेशका पूर्व प्रदेश प्रमुख झा बलात्कार आरोपमा पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका पूर्व प्रदेश प्रमुख राजेश झा 'अहिराज' बलात्कार आरोपमा पक्राउ परेका छन् । काठमाडौँको बानेश्वरमा युवतीमाथि बलात्कार गरेको अभियोगमा उनलाई आइतबार प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) विश्व अधिकारीका अनुसार, अहिराजलाई पक्राउ गरी आइतबार नै जिल्ला अदालत काठमाडौँमा पेस गरिएको छ । अदालतले प्रारम्भिक अनुसन्धानका लागि पाँच दिनको म्याद दिइसकेको छ । झा २०७७ फागुन ७ गतेदेखि २०७८ साउन ३२ गतेसम्म मधेश प्रदेशको प्रदेश प्रमुख थिए ।

# निलम्बित हाकिमका नाममा १४ खाता १४ करोड बचत !

**मधेशदृष्टि**
**बारा ।**
मधेश प्रदेश सरकारको मदन भण्डारी विपन्न आवास कार्यक्रममा व्यापक हिनामिना भएको पाइएको छ । पूर्वाधार विकास कार्यालय बाराका निलम्बित प्रमुखको नाममा खाता सञ्चालनदेखि मधेश प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयका निमित्त सचिवका दाईलाई आवास बनाउन ठेक्का दिएको घटनाले अनियमितता देखिएको हो ।

मधेश प्रदेश सरकारले विपन्न तथा आर्थिक अवस्था कमजोर भएका परिवारको घर निर्माणको लागि २०७५ सालदेखि जनता आवासको नामबाट शुरू गरेको कार्यक्रम महेन्द्रनारायण निधि आवास हुँदै आर्थिक वर्ष २०८१–८२ देखि विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रममा परिणत गरेको थियो ।

असार मसान्तको अन्ततिर मन्त्रालयले बजेट पठाएको कार्यक्रममा बारामा व्यापक चलखेल भएको पाइएको हो । कार्यक्रममा निलम्बनमा परेका तत्कालीन कार्यालय प्रमुख राजेन्द्र साहका नाममा राष्ट्रिय वाणिज्य बैंकको विभिन्न शाखामा १४ वटा खाता रहेको पाइएको छ ।



शहरी विकास तथा भवन कार्यालय पर्सामा कार्यालय प्रमुखको रूपमा कार्यरत रहेका बेला ठेक्का प्रकृयामा अनियमितता गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर भएपछि वैशाख २१ गते निलम्बनमा परेका साहको नाममा असार २२ गतेसम्ममा राष्ट्रिय वाणिज्य बैंकको गञ्जभवानीपुर शाखामा ६, वीरगंज शाखामा ६ र निजगढ शाखामा २ गरी १४ वटा खाता रहेको पाइएको हो ।

असार २२ गतेको मितिमा खुलेको खातामा चैत २४ गतेको मितिको सिफारिस समावेश गरिएको छ । १४ वटै खातामा करिब १४ करोड रूपैयाँ सारिएको छ । लाभग्राही र कार्यालयका प्रतिनिधिको नाममा संयुक्त खाता खोलिने भएकाले कार्यालयका प्रतिनिधिको ठाउँमा निलम्बित कार्यालय प्रमुखलाई राखेको पाइएको हो । यसमा कार्यालयका कर्मचारीले आफूलाई झुक्याएर पैसा निकासा गराएको र थाहा हुने बित्तिकै सब खाता रोक्का गरेको हालका कार्यालय प्रमुखको दाबी छ ।

निलम्बनमा परेका साहले भने आफूलाई फसाउनका लागि कोही व्यक्ति परिचालन भएको प्रतिक्रिया दिएका छन् । कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव सञ्जय साहका दाजु राजेश साहलाई ६४ वटा आवास निर्माणको जिम्मा दिइएको छ । र, घर बनाइदिने भन्दै लाभग्राहीसँग कमिसन असुल गरी विपन्नको ठाउँमा हुनेखानेलाई घर बनाइएको पाइएको छ ।

बारामा मदन भण्डारी विपन्न आवासअन्तर्गत २ सय ५० भन्दा बढी आवास घर निर्माण भइरहेको छ तर निर्माण सम्पन्न नहुँदै फर्जी बिल भर्पाइको आधारमा खातामा पैसा सारिएको छ ।

# ढुङ्गा खसेर लाग्दा तीन भारतीय घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणगढ–मुग्लिन सडकखण्डको तुइनखोला नजिक ढुङ्गा खसेर लाग्दा तीन जना भारतीय नागरिक घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालका अनुसार भारतको आग्रह बस्ने ४२ वर्षीय रतेन्द्र यादव, सोही स्थानका ३३ वर्षीय हर्मोन यादव र ३५ वर्षीय हितेन्द्र यादव घाइते भएका जानकारी दिए । उनका अनुसार घाइते तीनै जनाको अवस्था खतरामुक्त छ । नारायणगढबाट मुग्लिन जाँदै गरेको भारतीय नम्बर प्लेट युपी ८० जिपी २९२८ नम्बरको कारमाथि आज दिउँसो ढुङ्गा खसेर लागेको थियो । घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भइरहेको प्रहरी जनाएको छ ।

# के एमाले–कांग्रेस जनमतसँग टाढिएको हो ?

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेश सरकारमा सहभागी नेपाली कांग्रेस र नेकपा एमाले सरकारलाई दिइएको समर्थन फिर्ता लिने तयारीमा लागेको छ । यद्यपि अब मधेशमा कांग्रेस नेतृत्वमा सरकार बनाउने भनेर कांग्रेस सभापति शेरबहादुर देउवादेखि भएभरका नेताले बोलेको पनि लामो समय भइसकेको छ । तर अझै कांग्रेसलाई मुख्यमन्त्री जुरेको छैन ।

मुख्यमन्त्रीका कुरा नमिलेपछि जनता समाजवादी पार्टी नेपाल सरकारबाट बाहिरिए पनि मधेश कांग्रेसको संकट टरेको छैन । कुनै पनि बेला उपेन्द्र यादव नेतृत्व फकाउन जनमतका ठाउँमा जसपा नेपाललाई मुख्यमन्त्री दिनु पर्ने बाध्यता कांग्रेस एमाले गठबन्धनलाई छ । किनभने राष्ट्रिय सभामा सत्ता गठबन्धनको अल्पमत छ र जसपाको सहयोग चाहिन्छ । जनमत पार्टीका सतिश कुमार सिंह नेतृत्वको मधेश सरकारले एक वर्ष पूरा गरेको छ ।

सरकारको नेतृत्व कांग्रेसले गर्ने मोटामोटी सहमतिमा कांग्रेस र एमाले जनमतले सत्ता नछाडेको भन्दै चिढिएका छन् । बजेटपछि नै नै मुख्यमन्त्री परिवर्तन हुने कांग्रेसको विश्वास थियो । धेरै कांग्रेसका प्रदेश सांसदहरु अब म मन्त्री भन्दै चोकचौतारामा हिँडेको महिनौँ भइसकेको छ । तर जनमतले सत्ता छाडेको छैन । कांग्रेस एमाले केही दिनमै सत्ता गठबन्धनबाट सरकारलाई दिएको समर्थन फिर्ता दिएर जनमतको बेहाल बनाउने योजनामा देखिएका छन् ।

## सम्पादकीय

# किन सारिँदै छ जनकपुरबाट कार्यालय ?

मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेका केही सरकारी कार्यालय विस्तारै उत्तरी भेगतर्फ सर्न थालेका छन् । सार्नु पर्ने चैँ मधेश जोगाउन बिरुवा हो । तर यहाँ त सरकारी कार्यालय नै प्रदेश राजधानी र धनुषाको सदरमुकाम मात्रै होइन, रामायण सर्किटको प्रमुख अंग, जानकी मन्दिरको शहरबाटै सरकारी कार्यालय भाग्न थालेका छन् । सेवा प्रवाहमा सहजता ल्याउन यस्तो गरिएको किर्ते दाबी गर्ने कार्यालय प्रमुखहरुको बोली पनि छ ।

र यो गलत निर्णय हो । प्रदेश राजधानी र सदरमुकामबाट योजनाबद्ध रूपमा कार्यालय हट्न थालेकाबारे जनकपुरमा ध्यानाकर्षण हुन जरुरी छ ।

'राष्ट्रिय चुरे विकास तथा संरक्षण समिति'को कार्यालय जनकपुरधामबाट हटेर धनुषाको ढल्केबर सरेको छ । कार्यालय रातारात सारिएको हो । स्थानीय तथा विज्ञहरूले राजधानीमै रहेका कार्यालयलाई राजमार्ग नजिकको शहरी बजारतर्फ सार्ने रणनीतिअनुसार कार्य भइरहेको बताएका पनि छन् । चुरे कार्यालय मिथिला नगरपालिकाको कार्यालय भवनमा सारिएको हो । कार्यालय प्रमुख प्रेमीलाल साह कलवारको जवाफ झन किर्ते छ । उनले भनेका छन्, 'समितिको निर्णयअनुसार कार्यालय जनकपुरधामबाट ढल्केवर सारिएको हो । जनकपुरधाममा कार्यालय रहँदा भाडा तिर्नु पर्ने तर ढल्केवरमा बिना भाडा काम गर्न सकिने सुविधाका कारण स्थानान्तरण गरिएको हो ।' यत्रो अर्बौं रुपैयाँ बजेट भएको मधेश प्रदेश सरकार छ । स्थानीय तह नै करोडौं रुपैयाँ बजेटको छ । सरकारी कार्यालयका प्रमुखले घरभाडा जुटाउनु पर्ने पनि होइन । तर घरभाडा छुटका नाममा पायक पर्ने ठाउँमा कार्यालय सार्ने निर्णयमा स्थानीय सरकार, प्रदेश सरकार र सर्वसाधारणको विमति ठूलो हा कि भाडा छुट ठूलो ?

सरकारी सेवा प्रवाहका लागि कार्यालय स्थानान्तरणका नाममा जनकपुरमाथि धोका हुँदैछ । प्रदेश राजधानीमा सेवा सुविधाबाट जनकपुरवासी वञ्चित गराउने षड्यन्त्र हुँदैछ । जनकपुरधामका स्थानीय र नागरिक समाजले सरकारी संरचना र सेवाको सन्तुलन कायम गर्न गराउन दबाब दिनु पर्ने देखिएको छ ।

# पोखरी सौन्दर्यकरण अभियान निष्प्रभावी



हिमाल लम्साल

वीरगंज महानगरपालिका–१६ नगवाकी राधिकादेवी २०७५–७६ सालमा मधेश प्रदेश सरकारले नगवा पोखरी मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत सौन्दर्यकरण गर्ने योजनाले निकै खुसी हुनुहुन्थ्यो । आफ्नै घरनजिकै रहेको पोखरी व्यवस्थित भएसँगै छठ पूजा गर्न सहज हुने आशाले पनि उहाँसहितका नगरवासीलाई हर्षित बनाएको थियो ।

उहाँको त्यो खुसी लामो समय टिक्न सकेन । नगवापोखरी सौन्दर्यकरण थालेको पनि छ वर्ष बितिसक्यो तर अहिलसम्म पनि पोखरी निर्माणको काम सकिएको छैन । पोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर बनाउन गाडेको छड पनि खिया लागिसक्यो । पोखरी वरपर सौन्दर्यकरणको काम विगत तीन वर्षदेखि अलपत्र छ । 'हामीले त नगवा पोखरी बन्ला भनेर ठूलो आशा गरेका थियौँ तर, अहिले त हाम्रो आशा निराशामा बदलिसकेको छ,' राधिकादेवीले भन्नुभयो, 'बीचैमा अलपत्र पार्ने हो भने किन पोखरी बनाउने अभियान थालेको त ?'

मधेश प्रदेश सरकारले आव २०७५–७६ र आव २०७६–७७ मा मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पर्सा जिल्लामा मात्रै छ वटा पोखरी सौन्दर्यकरणको योजना अघि सारेको थियो । तर, प्रदेश सरकारले अघि सारेका छवटै पोखरी निर्माणको काम तीन वर्षदेखि अलपत्र छ । पूर्वाधार विकास कार्यालय वीरगंजका कार्यालय प्रमुख लालबाबु रायले सुरुआती चरणमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै पोखरी सौन्दर्यकरणका योजना अघि सारिएको बताउनुभयो । 'मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत जिल्लामा छवटा पोखरी निर्माण गर्न ३७ करोड ७६ लाख चार हजार ८ सय ४७ रुपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो,' उहाँले भन्नुभयो, 'अहिलेसम्म छ वटै पोखरी निर्माणको काम बीचैमा रोकिएको छ ।'

त्यसैको एक कुरुप नमुना हो नगवापोखरी । मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वीरगंज–१६ स्थित नगवापोखरी सौन्दर्यकरणका लागि २०७६ वैशाख २३ गते प्ेररा–रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग १० करोड एक लाख ३० हजार ६ सय ९ रुपैयाँको ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार नगवापोखरी सौन्दर्यकरणको काम २०७८ वैशाख १४ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो तर अहिलेसम्म पोखरीको निर्माणको काम ५० प्रतिशत मात्रै भएको कार्यालयले जनाएको छ ।

नगवापोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर निर्माण गर्ने, मन्दिर वरपर सौन्दर्यकरणको काम पनि बीचैमा अलपत्र अवस्थाबाट गुज्रिरहेको छ । निर्माण कम्पनीले हालसम्म तीन करोड ९७ लाख ८७ हजार ५ सय ७६ रुपैयाँ रकम भुक्तानी पाएको छ । वीरगंज महानगरका प्रमुख राजेशमान सिंह प्रदेश सरकारले अघि सारेका वीरगंजका आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अलपत्र हुँदा महानगरलाई अनावश्यक दोषारोषण हुँदै आएको गुनासो गर्नुहुन्छ । 'मधेश प्रदेश सरकारले अघि सारेका वीरगंजका पोखरी सौन्दर्यकरण गर्ने योजना वर्षौंदेखि अलपत्र हुँदै आइरहेका छन्,' उहाँले भन्नुभयो, 'प्रदेश सरकारले अघि सारेको योजना छ वर्षदेखि अलपत्र छन् । प्रदेश सरकारले काम गर्न नसक्ने हो भने प्रक्रिया पूरा गरेर महानगरलाई हस्तान्तरण गरे हुन्छ नि ।'

मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गत अघि बढाइएको वीरगंज–१२ स्थित मुर्लीपोखरी सौन्दर्यकरणको काम पनि अलपत्र छ । सो पोखरीको ठेक्का पनि प्ेररा–रञ्जन जेभीले १० करोड ४३ लाख १७ हजार ७५ रुपैयाँ लागतमा पाएको थियो । अहिलेसम्म पोखरी सौन्दर्यकरणको काम ७५ प्रतिशत सकिएको छ तर बाँकी काम कहिले सम्पन्न हुने कुनै निश्चित छैन ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पोखरी सौन्दर्यकरण अभियान थाल्नुभएका तत्कालीन मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत गद्दीले सार्वजनिक सम्पत्तिका रुपमा रहेका पोखरीहरुको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले पर्सा जिल्लामा आधा दर्जन पोखरी सौन्दर्यकरणका योजना अघि सारे पनि अहिले अलपत्र हुँदा आफूलाई दुःख लागेको बताउनुभयो । 'मुलुक कोभिड सङ्क्रमण महामारीको समयमा बजेट अभावका कारणले दुई वर्षसम्म निरन्तर रुपमा बजेट राख्न पनि सकेनौँ,' उहाँले भन्नुभयो, 'एकातर्फ निर्माण कम्पनीले भुक्तानी माग गर्दै अदालतमा जानु र अर्कोतर्फ नयाँ बनेको प्रदेश सरकारले पोखरी सौन्दर्यकरण अभियानको कार्यक्रमलाई बजेट निरन्तरता नदिनाले पनि अभियान अलपत्र बन्न पुग्यो ।'

तत्कालीन मुख्यमन्त्री गद्दीले पछिल्ला वर्षमा प्रदेश सरकारले बजेट नै विनियोजन नगरेपछि काम अघि बढ्न नसकेको बताउनुभयो । 'बजेट नै विनियोजन नगरेपछि त काम कसरी हुन्छ ?' उहाँले भन्नुभयो, 'कोभिड–१९ को सङ्क्रमण देखापरेपछि नै यहाँको काम ठप्प छ । की त काम अघि बढाउनु पर्‍यो की त ठेक्का तोड्नुपर्ने हुन्छ ।' त्यस्तै अलपत्र पर्ने अर्को योजनामा परेको छ–छिपरमाई पोखरी सौन्दर्यकरण । सो पोखरी सौन्दर्यकरण गर्नका लागि १० करोड ४४ लाख ६३ हजार एक सय ८० रुपैयाँ लागतमा निर्माण थालनी भएको थियो ।

सो पोखरीको निर्माणको ठेक्का पनि प्ेररा÷रञ्जन जेभीले नै प्राप्त गरेको थियो । पूर्वाधार विकास कार्यालयका अनुसार सो पोखरीको प्रगति मुस्किलले २५ प्रतिशत मात्रै भएको छ । सो पोखरीको ठेकेदार कम्पनीले दुई करोड १४ लाख ६१ हजार आठ सय ५४ रुपैयाँ रकम बुझिसकेको छ । सौन्दर्यकरणको अभियान भने जहाँकोतहीँ छ । वीरगंज महानगरपालिका–१५ स्थित लक्ष्मणवा पोखरी सौन्दर्यकरण योजना पनि अलपत्रकै सूचीमा दर्ज हुँदै आइरहेको छ । सो पोखरी निर्माणका लागि २०७७ फागुन १० गते सुनकोशी कन्स्ट्रक्सन नेपाललाई दिइएको थियो । ठेक्का सम्झौताअनुसार सो पोखरीको सौन्दर्यकरणको काम २०८० वैशाख ११ गतेभित्रै सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म सो पोखरीको सौन्दर्यकरणको काम भने ७५ प्रतिशतभन्दा अघि बढ्न सकेको छैन । सो पोखरीको निर्माण कम्पनीले हालसम्म एक करोड २८ लाख ३६ हजार ५ सय ३९ रुपैयाँ भुक्तानी लिइसकेको छ ।

सो पोखरी निर्माणका लागि २०७७ फागुन ११ गते तीन करोड छ लाख ३१ हजार ३ सय ५३ रुपैयाँ लागतमा नार्गाजुन–हेम–सर्बसक्री जेभीले पाएको थियो । सम्झौताअनुसार पोखरी २०८० वैशाख ११ गतेभित्रै निर्माण सम्पन्न हुनुपर्ने थियो । तर, अहिलेसम्म पोखरीको प्रगति ३० प्रतिशतमा नै खुम्चिएको छ । तीन वर्षदेखि पोखरी निर्माणमा सिन्को भाँच्ने कामसमेत भएको छैन ।

त्यस्तैगरी, मधेश प्रदेश सरकारले वीरगंज महानगर क्षेत्रभित्रै मूर्लीबगौँचा सौन्दर्यकरणको काम पनि २०७७ फागुन ११ गते विकोइ–किशोर जेभीसँग दुई करोड पाँच लाख ४१ हजार दुई सय १० रुपैयाँ लागतमा तीन वर्षभित्रै सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गर्‍यो । तर, सो पोखरी निर्माणको काम पनि कछुवा गतिमा नै सीमित छ । हालसम्म सो पोखरीको प्रगति २० प्रतिशत भए पनि निर्माण कम्पनीले अहिलेसम्म भुक्तानी पाएका छैनन् । पूर्वाधार विकास कार्यालयका अनुसार पर्साका छ पोखरीमध्ये पाँच पोखरीको निर्माणका लागि हालसम्म १४ करोड ७९ लाख ८६ हजार दुई सय ७६ रुपैयाँ रकम भुक्तानी भइसकेको छ ।



कार्यालय प्रमुख रायले पर्साका पोखरी सौन्दर्यकरण योजनाको म्याद थप नहुनु र बजेट अभाव मुख्य समस्या रहेको बताउनुभयो । 'मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएदेखि पोखरी सौन्दर्यकरणको योजना अघि बढ्न सकेको छैन ।' छ वटै पोखरी सौन्दर्यकरण गर्ने अभियानको फाइल भने २०७९ सालदेखि पूर्वाधार विकास कार्यालय मातहत आएको छ । सोही समयदेखि पोखरी निर्माणको काम पनि अघि बढ्न सकेको छैन । 'पोखरी सौन्दर्यकरणको विवाद विभिन्न निकायमा पुगेकाले पनि काम अघि बढ्न सकिरहेको छैन,' उहाँले भन्नुभयो ।

पोखरी सौन्दर्यकरणको ठेक्का पाएका निर्माण कम्पनीले आफ्नो भुक्तानी पाउनुपर्ने माग राख्दै अदालतमा मुद्दा समेत दायर गरेका छन् । अर्कोतर्फ पोखरी सौन्दर्यकरण गर्ने विषयमा आवश्यक फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिवास कार्यालयले अनुसन्धान भइरहेको बताइएको छ । मधेश प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट अभावले पोखरी सौन्दर्यकरणको अभियान प्रभावकारी ढङ्गले अघि बढ्न नसकेको बताउनभयो । 'मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गतका कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालय मातहत अघि बढाइएको थियो । तर, अहिले बजेट अभावले काम अघि बढ्न सकेको छैन,' उहाँले भन्नुभयो, 'चालु आवमा पोखरी सौन्दर्यकरण अभियानअन्तर्गतका प्रतियोजना रु एक लाख मात्रै बजेट छुट्याएकाले पनि काम हुन सकिरहेको छैन ।' निमित्त सचिव साहले आगामी आवको बजेटमा पनि पोखरी सौन्दर्यकरणका योजनामा पर्याप्त बजेट विनियोजन नभएकाले समयमा नै सम्पन्न हुनेमा आशङ्का कायमै छ । मधेश प्रदेशका अर्थमन्त्रालयका प्रवक्ता उपेन्द्र न्यौपानेले अलपत्र परेका पोखरी सौन्दर्यकरणका योजनाको आवश्यक छानबिन गरेर छिट्टै निष्कर्षमा निकाल्ने योजना रहेको बताउनुभयो । 'अलपत्र परेका पोखरी सौन्दर्यकरणलाई व्यवस्थित गराउने विषयमा आवश्यक छलफल भइरहेको छ,' उहाँले भन्नुभयो, 'आवश्यकताका आधारमा केही पोखरीको सौन्दर्यकरणको अभियानलाई अघि बढाइनेछ ।' रासस

# एकीकृत समाजवादीभित्र रामकुमारी झाँक्रीको उकुसमुकुस



किरण दहाल

२०७८ भदौ २ गते, निर्वाचन आयोगमा भीडभाड थियो । एमालेमा अध्यक्ष केपी शर्मा ओलीसँग पानी बाराबार अवस्थामा पुगेको सम्बन्ध सुधारको कुनै गुञ्जायस नदेखिएपछि माधवकुमार नेपाल समूह एमाले विभाजन गरेर नयाँ पार्टी दर्ता गर्ने निधोमा पुगेको थियो । त्यही क्रममा निर्वाचन आयोग परिसरमा स्कर्पियोबाट उत्रिएका नेपाललाई रामकुमारी झाँक्रीले हात समातेर आयोग भवनतिर लैजाँदै गरेको तस्वीर सार्वजनिक भएको थियो ।

वर्षौंदेखि माधवकुमार नेपालका असाध्यै निकट भनेर चिनिएका नेताहरू निर्वाचन आयोग परिसरमा नदेखिएको अवस्थामा झाँक्री नै थिइन् जसले उनलाई आडभरोसा दिएर एमालेबाट 'विद्रोह गर्ने' कदममा पूर्ण आडभरोसा दिएकी थिइन् । त्यसैले त यो तस्वीर कैयौँ दिनसम्म सामाजिक सञ्जालमा चर्चाको विषय बनिरह्यो । यस्तो चर्चा जसले अबको राजनीति युवाले नेतृत्व गरेको र पुरानो पुस्ताले त्यसलाई पछ्याएको हुनुपर्ने सन्देश दिइरहेको थियो । अनि भरोसायोग्य ठानिएका वरिष्ठहरूले साथ छोड्दा मोर्चा सम्हाल्ने झाँक्री जस्ता युवाकै पार्टीमा बोलवाला हुनेछ भन्ने आशा पनि जगाएको थियो ।

हुन पनि तत्कालीन नेकपा (एमाले र माओवादी एकताबाट बनेको दल) मा आएको विभाजन निर्वाचन आयोगले नेकपाको दर्ता खारेज गरेपछि एमालेमा सरेको थियो जहाँ केपी शर्मा ओली र माधवकुमार नेपाल–झलनाथ खनाल समूहबीचको संघर्ष अन्ततः २०७८ भदौ २ को पार्टी विभाजनमा पुगेको थियो । र योसँगै को–को एमाले छाडेर नयाँ पार्टी (नेकपा एकीकृत समाजवादी) जालान् भन्ने चासो थियो । हिजो नेपाल समूहबाट महाधिवेशनमा पदाधिकारी भएकादेखि उनकै छत्रछायामा राजनीतिक जीवन सपारेका नेताहरू नयाँ पार्टीमा आउलान् या नआउलान् भन्ने व्यग्र प्रतीक्षा आमरुपमै देखा परेको थियो । तर त्यस्ता धेरै नेता नेपालसँग देखिएनन् । एमालेभित्रको संघर्षमा नेपाल–खनाल पक्षमा लागेका भीम रावल, अष्टलक्ष्मी शाक्य, रघुजी पन्त, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्टलगायत नेताहरू त्यो घडीमा पछि हटे र राजनीतिक जीवनको सुरक्षा खोजेर एमालेमै बस्ने निर्णय लिए । लामो समयदेखि नेपालपक्षमा मुखरित अष्टलक्ष्मी शाक्यले नै नेपाललाई साथ दिइनन् । बरु त्यहीबेला उनलाई बागमती प्रदेशको मुख्यमन्त्री बनाउन एमाले नेता डोरमणि पौडेलले राजीनामा दिएरै बाटो खोलिदिए जसलाई धेरैले अन्तिम घडीमा नेपाल समूह छाडेर ओलीलाई साथ दिएका कारण उनले पाएको पुरस्कारको रूपमा पनि चर्चा गरे । नेपालका असाध्यै निकटमा पर्थे योगेश भट्टराई । उनीहरूको सम्बन्ध कतिसम्म गाढा भन्ने २०७६ साउनमा प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिमै प्रकट भएको थियो । त्यो दिन समितिमा पर्यटनमन्त्री रहेका भट्टराईले, नेपाल आफ्नो नेता मात्र नभई गुरु नै भएको बताएका थिए । उनले २०४३ सालको घटना स्मरण गर्दै आफू मृत्युको मुखमा पुगेका बेला नेपालको एक स्पर्शले आफूलाई बाँच्ने शक्ति प्रदान गरेको स्मरण गरिरहँदा माधव नेपाल भावुक भएका थिए । त्यसपछि दुवै नेताले गहभरि आँसु बनाएका थिए । सामाजिक सञ्जालतिर बेलाबेला घुमिरहने माधव नेपाल रुँदै गरेको भिडियो त्यही दिनको हो ।

तर नेपालले एमाले विभाजन गरेर एकीकृत समाजवादी बनाउँदा तिनै भट्टराईले पनि साथ दिएनन् । अहिले एकीकृत समाजवादीको महासचिव रहेका घनश्याम भुसाललेसमेत त्यसबेला नेपाललाई साथ दिएका थिएनन् । र त्यो पृष्ठभूमिमा अघि सर्ने झाँक्री नै थिइन् जसले हात समातेरै नेपाललाई डोर्‍याएकी, संकटमा सबै आडभरोसा दिएकी थिइन् ।

एमाले विभाजनबाट नवगठित पार्टी एकीकृत समाजवादीमा झाँक्री सचिव बनिन् । २०७८ असोज ७ गते बसेको पार्टीको केन्द्रीय कमिटी बैठकले १८ सदस्यीय पदाधिकारी बनाउँदा उनलाई सचिवको जिम्मेवारी तोकेको थियो । यसपछि उनलाई बधाईको ओइरो लाग्यो, अनि पार्टीलाई शुभकामनाको । एमाले विभाजन र नयाँ पार्टी गठनको औचित्य पुष्टि गर्न झाँक्रीले निरन्तर एमाले अध्यक्ष ओलीको भण्डाफोर गरिरहिन् । यसबाट पार्टीभित्र उनको स्वीकार्यता यसरी बढ्यो कि लगत्तै उनलाई पार्टीले गठबन्धन सरकारमा शहरी विकासमन्त्री बनाएर पठायो ।

### नेतृत्वसँगै सम्बन्ध चिसो

झाँक्रीको यस्तो निडर परिचय एमाले विभाजनका बेला मात्र देखिएको होइन । खासमा विद्यार्थी राजनीतिदेखि नै उनमा कडा मिजास र निडर शैली थियो । त्यो मिजास र शैली उनका सार्वजनिक अभिव्यक्तिमा देखा पर्थ्यो । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध २०६२–६३ को जनआन्दोलनको पृष्ठभूमि बन्दै गर्दा विद्यार्थी आन्दोलन र त्यसको नेताका रूपमा उनले देखाएको सक्रियताको चर्चा अहिले पनि हुने गर्छ । यिनै कारण पनि नवगठित पार्टी एकीकृत समाजवादीको 'फेस भ्याल्यु' झाँक्रीलगायतले नै सिर्जना गरेका थिए । उनी मन्त्री बन्दा कतिपयले त्यसको सही मूल्यांकन भएको टिप्पणी गरे । तर गठबन्धनमा आलोपालो मन्त्री बनाएर सबै नेतालाई भाग पुर्‍याउने विकृत अभ्यास संस्थागत भएको त्यो बेला उनले आफ्नै पार्टीभित्र अरूलाई पालो दिन बीचमै मन्त्री पद छाड्नुपर्‍यो । सम्भवतः यहीकारण २०७९ असार १२ गते शहरी विकास मन्त्रालयमा आयोजित बिदाइ कार्यक्रममा आफूले गरेका कामहरूको जानकारी गराउँदा झाँक्रीले आँखाबाट आँसु झारेकी थिइन् ।

यो घटना त्यही 'टर्निङ पोइन्ट' थियो जहाँबाट एकीकृत समाजवादीका नेता–कार्यकर्ताले नै उनलाई मन्त्री छाड्दा पीडा भएको भन्दै पदलोलुपको आरोप लगाउन थाले । अनि मन्त्री पद बीचमै छाड्नुपर्दा असन्तुष्ट देखिएकी झाँक्री त्यसपछि पार्टीमा पहिलेजस्तो सक्रिय हुन छाडिन् । त्यसबीचमा गुल्मीबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेकी उनी एमालेका गोकर्ण विष्टसँग पराजित भइन् । यसबीचमा पार्टीमा सक्रियता कम र नेतृत्वका चित्त नबुझेका कुरामा बोलिहाल्ने स्वभावका कारण पार्टी नेतृत्वसँग उनको सम्बन्धमा चिसोपन देखिइरह्यो । गत महाधिवेशनमा उनी पार्टीको पदाधिकारीसमेत बन्न सकिनन् । उनले पार्टीमा महिला उपाध्यक्षतर्फ उम्मेदवारी दिए पनि नेतृत्वसँगको चिसो सम्बन्धको परिणाम केन्द्रीय कमिटीमा भएको पदाधिकारीको निर्वाचनमै उनी पराजित भइन् ।

### स्पष्टीकरण प्रकरणः न बोक्न न छोड्न सक्ने अवस्थामा पार्टी

निडर मात्र होइन, मुखर नेताको छवि बनाएकी झाँक्री यहीकारण बेलाबेला विवादमा पनि पर्दै आएकी छन् । एमालेमा संघर्ष चुलिएका बेला तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीका बारेमा गरेको टिप्पणीबाट सिर्जित तरंग त्यसको एउटा उदाहरण हो । यसपटक भने उनी आफ्नै पार्टी नेतृत्व, अध्यक्ष माधवकुमार नेपालबारे गरेको कडा टिप्पणीका कारण पार्टीभित्र विवादमा तानिएकी छन् ।

१६ वर्षअघि प्रधानमन्त्री रहँदा नेपालले गरेको एउटा निर्णयबाट भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ र यसले नेपालको राजनीतिक जीवनमा अहिलेसम्मकै ठूलो संकट निम्त्याएको छ । एकीकृत समाजवादी पार्टीमा पनि उनी पक्षका नेताहरूलाई यो मुद्दाले असाध्यै अप्ठेरोमा पारेको छ । आर्थिक अनियमितताको प्रसंगमा धेरैले शंकासमेत नगर्ने नेपाल आफ्नो राजनीतिक जीवनको उत्तरार्धमा आएर भ्रष्टाचार मुद्दा खेप्न बाध्य हुनु जति अप्रत्याशित थियो, एकीकृत समाजवादीभित्र उनकाबारे झाँक्रीले गरेको टिप्पणी पनि त्यस्तै अप्रत्याशित हुन पुग्यो । गत असार १४ गते झाँक्रीले दिएको 'मरेको सिनो बोकेर हिँड्न नसकिने' अभिव्यक्ति नेपाल र पार्टी पंक्तिको घाउमा नुनचुक छर्किए झैँ बन्न पुगेको छ ।

काठमाडौँमा युवा संघ नेपालको कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनेकी थिइन्, 'म त भन्छु अर्ली महाधिवेशन गरौँ । कानूनी र संवैधानिक हिसाबले अध्यक्षमाथि समस्या आयो । कैयौँ पार्टी सदस्यहरूमा पनि समस्या आएकै छ । अब काँधमाथि मरेको सिनो हालेर हिँड्न सकिँदैन ।' यही अभिव्यक्तिका कारण एकीकृत समाजवादीले उनलाई स्पष्टीकरण सोधेको छ । पार्टीको केन्द्रीय अनुशासन आयोगले पार्टी हितविपरीत अभिव्यक्ति दिएको भन्दै उनलाई तीन दिनभित्र स्पष्टीकरण बुझाउन असार १८ गते पत्र लेखेको थियो । प्रवक्ता प्रकाश ज्वालाले झाँक्रीको नाम नलिई विज्ञप्ति निकालेर पार्टी नेतृत्व र निर्णयको भावनाबाहिर गएर अभिव्यक्ति नदिन चेतावनीसमेत दिए । तर झाँक्रीले स्पष्टीकरण नदिएपछि असार २४ गते सात दिन समय थप गरियो । त्यो समय सोमबार सकिएको छ, झाँक्रीले स्पष्टीकरण बुझाएकी छैनन् ।

तीन दिने स्पष्टीकरण सोधेको एकीकृत समाजवादीले त्यसलाई बढाएर सात दिन पुर्‍याए पनि झाँक्रीमाथि कुनै कारबाही भने अघि बढाएको छैन । त्यसको कारण हो– सार्वजनिक रूपमा बनेको झाँक्रीको हक्की छवि र कारबाही गरिहाले त्यसले पार्टीमा पर्न सक्ने प्रभावको आकलन । हुन त एकीकृत समाजवादीभित्र नेताको कमी छैन । तर जनतासँग सम्बन्ध टुटिसकेका, नयाँ पुस्ताको भाषा र शैली थाहै नपाएका कैयौँ पाका नेताहरूको बोलवाला भए पनि उनीहरूमा 'फेस भ्याल्यु' छैन । उनीहरूभन्दा आमरूपमा पनि लोकप्रिय झाँक्री नै छिन् । लोकतन्त्र र गणतन्त्रबारेको बुझाइ अनि त्यसको प्रतिरक्षामा कुरा राख्न सक्ने उनको मुखर शैलीले उनलाई नयाँ पुस्तामा पनि अरूभन्दा धेरै चिनाएको छ । यो पार्टीप्रतिको धरेथोर आकर्षण झाँक्रीजस्ता नेताकै कारण हो भन्नेमा सम्भवतः पार्टी पंक्ति बेखबर छैन । त्यहीकारण उनलाई कारबाही गर्ने निर्णय गर्दा सार्वजनिक रूपमा दिनुपर्ने जवाफबाट पार्टी पंक्ति झस्किएको हुनुपर्छ ।

झाँक्रीले नेतृत्वबारे जे बोलिन्, भाषा वा शैली जस्तो भए पनि उनले गलत भने नबोलेको बुझाइ पार्टीभित्रै पनि छ । किनभने भ्रष्टाचारको मुद्दा नै लागिसकेपछि नेपाल स्वयंले नैतिकता देखाएर नेतृत्व छाड्ने अपेक्षा थियो । २०६४ को संविधानसभा निर्वाचनमा एमालेले खराब नतिजा ल्याउने प्रष्ट भएपछि उनले पार्टी महासचिवबाट राजीनामा दिएका कारण पनि उनीसँग नैतिकताको अपेक्षा गर्नेहरू धेरै थिए । तर यतिबेला उनी पदकै लोभ गरिरहेका छन् । सांसदबाट निलम्बन भइसक्दासमेत संसदीय दलको नेता र पार्टी अध्यक्षमा कायम छन् ।

झाँक्रीको भनाइको सार त्यही कुरा गलत हो भन्ने थियो । भ्रष्टाचार मुद्दा बोकिरहेका नेपालले अब नेतृत्वबाट अलग हुनुपर्ने अथवा त्यसका लागि उनलाई बाध्य पार्नुपर्नेमा पार्टी पंक्ति भने त्यसका लागि आवाज उठाउने झाँक्रीलाई कारबाही गर्ने बाटोमा लाग्ला ? त्यो अवस्थामा झाँक्रीको कदम के होला ? यही प्रश्नमा झाँक्री र एकीकृत समाजवादीको राजनीतिक भविष्य निहित देखिन्छ । उकालो ।

# सुनापतिको पर्यटन विकासका पूर्वाधारमा लगानी बढाइनुपर्ने

**काठमाडौँ ।**
रामेछापको सुनापति गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नका लागि पूर्वाधार निर्माणमा जोड दिन सरोकारवालाले सुझाव दिएका छन् । गाउँपालिकाले आईतवार नेपाल पर्यटन बोर्डको सहकार्यमा आयोजना गरेको 'सुनापति गाउँपालिकाको पर्यटन विकासका लागि अन्तरक्रिया'मा उनिहरुले सुनापतिको पर्यटन विकासका लागि दिगो पर्यटन विकासमा जोड दिन सुझाव दिए ।

सांसद पूर्णबहादुर तामाङले सुनापतिको पर्यटन विकासका लागि पूर्वाधार निर्माण पहिलो सर्त भएको बताए । उनले स्थानीय तहका पर्यटकीय गन्तव्यहरुको प्रवद्र्धन गरी आकर्षण गर्ने प्याकेज बनाएर आन्तरिक तथा विदेशी पर्यटक ल्याउन सकिने धारणा राखे । उनले तीन वटै तहका सरकारको समन्वयमा लगानी अभिवृद्धि गर्न जरुरी भएको औंल्याए ।

सांसद तामाङले विभिन्न शीर्षकमा स्थानीय तहमा जाने बजेटको प्रभावकारी परिचालन नहुँदा योजना कार्यक्रमले गति लिन नसकेको भन्दै यसप्रति सबै सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिए ।

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले सुनापतिको पर्यटन विकासका लागि रणनीतिक योजना समन्वयका साथ अगाडि बढाइनुपर्ने बताए । उनले पर्यटकीय सम्भावना बोकेका पालिकालाई धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधितालाई जोडेर पर्या पर्यटन विकासमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष कमल सापकोटाले पालिकाको पर्यटन विकासका लागि बोर्डले बलियो सहकार्य गर्ने विश्वास व्यक्त गरे । उनले कम लगानीमा बढी प्रतिफल दिने तुलनात्मक लाभको क्षेत्र पर्यटनको विकासमार्फत मुलुकको आर्थिक समृद्धिको यात्रामा योगदान गर्न सबै जिम्मेवार भएर लाग्नुपर्ने खाँचो औंल्याए ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेले सुनापतिको भूगोल, संस्कृति र इतिहासकासाथै कृषि उत्पादनलाईसमेत जोडेर एकीकृत पर्यटन विकास गरिनुपर्नेमा जोड दिए । उनले पर्यटन विकासका लागि टानले गाउँपालिकासँग सहकार्य गर्ने प्रतिवद्धता जनाए ।

नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रवन्ध निर्देशक कुलमान घिसिङले सङ्घीय राजधानी काठमाडौँ नजिकको गन्तव्य सुनापतिको पर्यटन विकासका लागि लगानी बढाएर पदमार्गहरु निर्माण गरिनुपर्ने बताए ।

सुनापति गाउँपालिकाका अध्यक्ष ठूलोकान्छा तामाङले पर्यटनसँग सम्बद्ध सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय सहकार्य गर्दै सुनापतिको पर्यटन विकासका लागि लगानी अभिवृद्धि गर्ने, सुनापति गाउँपालिकाको मौलिक संस्कृति, धार्मिक स्थल, पौराणिक सम्पदाहरु, पर्यावरणीय विविधता र ऐतिहासिक स्थलहरुको संरक्षण, विकास र प्रचार–प्रसार गर्ने उद्देश्यले कार्यक्रम गरिएको बताए ।

प्राकृतिक विविधता, सांस्कृतिक सम्पदा र ऐतिहासिक पृष्ठभूमि रहेको सुनापतिको सुनापति गाउँपालिकालाई धार्मिक, सांस्कृतिक र पर्यावरणीय गन्तव्यको रुपमा विकास गर्न गाउँपालिको मात्र नभई सङ्घ, प्रदेश र निजी क्षेत्रसमेतको लगानी अभिबृद्धि गर्नको लागि सुनापति गाउँपालिकाको आयोजना र नेपाल पर्यटनका लागि अन्तरक्रिया गरिएको हो ।

स्थानीय कला संस्कृतिहरु जस्तै थान्का चित्रकला, गलैंचा बुनाईलगायत विभिन्न धार्मिक स्थलहरुको संरक्षण गरी पर्यटन प्रवद्र्धन गर्नु, होमस्टे, पर्यटकीय होटल तथा रेष्टुरेन्ट, टुरिष्ट गाइड, हस्तकला, कृषि पर्यटनलगायतका माध्यमबाट स्वरोजगार सृर्जना गरी स्थानीय रोजगार र आयआर्जनका अवसर प्रदान गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ ।

सुनापति सूर्योदय र सूर्यास्त अवलोकनका लागि रमणीय स्थल मानिन्छ । जहाँबाट जुगल, लाङटाङ, गौरीशङ्कर हिमशृङ्खलादेखि सर्वोच्च शिखर सगरमाथाको दृश्यावलोकन गर्न पाइन्छ । हाल उक्त क्षेत्रमारु नेपालथोक–लुभु–हिलेदेवी र सुनापति–शैलुङ्ग पदमार्ग छन् । एकसय आठ लहरेमाने, लखपतिमाने, सुनापति महादेव, डम्फु पार्क आदि यहाँक महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु छन् ।

पर्यटन क्षेत्रका विकासका लागि गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु एक करोड ५० लाख बजेट विनियोजन गरी सुनापति डाँडा आसपासका क्षेत्रमा विभिन्न पर्यटकीय पूर्वाधरहरु निर्माण गरिएको जनाएको छ । कार्यक्रममा सुनापति गाउँपालिकाको पर्यटनसम्बन्धी श्रब्यदृश्य सामग्री प्रस्तुत गरिएको थियो भने डम्फु र टुङ्गनाका साथ तामाङ कलाकारको विशेष प्रस्तुतिकरण गरियो ।रासस

# राष्ट्रिय निकुञ्जसँग सम्बन्धित प्रतिवेदनमाथि समितिमा छलफल

**काठमाडौँ ।**
सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आईतवारको बैठकमा राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित प्रतिवेदनमाथि छलफल भएको छ । छलफलमा भाग लिँदै सांसदहरूले वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिएका छन ।

उनिहरूले वन्यजन्तुको सुरक्षा तथा मानव–वन्यजन्तु द्वन्द्व कम गर्न राष्ट्रिय निकुञ्ज क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिएका हुन ।

समितिका सभापति मायाप्रसाद शर्माले निकुञ्ज र मध्यवर्ती क्षेत्रलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा विस्तृत रूपमा छलफल गरेर सहकार्यमार्फत अगाडि बढ्ने बताए ।

उनले भने, 'निकुञ्जभित्र खनिज पदार्थ भएमा के गर्ने ? कसरी व्यवस्थापन गर्ने ? यस विषयमा छलफल गरेर अगाडि बढ्नुपर्छ ।'

समितिका सदस्य मदनकुमारी शाहले निकुञ्जभित्र सवारीसाधनको ठक्करबाट वन्यजन्तुलाई जोगाउन 'अन्डरपास' र 'ओभरपास' का पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिए । उनले वर्तमान कानुनमा भएका झन्झटिला प्रावधानका कारण देखिएका समस्या समाधानका लागि विस्तृत छलफल गर्नुपर्ने आवश्यकता औँल्याए ।

छलफलमा भाग लिँदै सुमित्रा विसी, रुक्मिणी कोइराला, श्रीकृष्ण अधिकारी, नरबहादुर विष्टलगायत सांसदहरूले निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका विभिन्न प्रावधानका विषयमा सरोकार भएका निकाय तथा विज्ञसँग छलफल गर्नुपर्ने सुझाव दिए ।रासस

# प्रत्यक्ष निर्वाचत प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्छः सभापति देउवा



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचत प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्ने बताएका छन ।

सभापति देउवा निवास बूढानीलकण्ठमा आइतवार नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्मासहितको टोलीले 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मस्यौदामा संशोधनका लागि बुझाएको ज्ञापनपत्र बुझ्दै उनले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचनभित्र समानुपालितक प्रतिनिधित्व जरुरी भएको बताए ।

'निर्वाचन विधेयकमा आएको संशोधनका विषयमा म पार्टीभित्र र अन्य राजनीतिक दलहरुसँग पनि सल्लाह गर्छु', सभापति देउवाले भने, 'प्रत्यक्ष निर्वाचन प्रणाली जनतासम्म पुग्ने मुख्य आधार हो, प्रत्यक्षभित्र पनि समानुपातिक सहभागिता चाहिन्छ ।'

मञ्चका अध्यक्ष विश्वकर्माले बुझाएको विभिन्न २१ बुँदे सुझावपत्रमा महिला तथा महिलाभित्रको अन्तर–सामुदायिक समावेशीलाई सम्बोधन गर्न प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको जनसंख्याको आधारमा कम्तीमा ५० प्रतिशत उम्मेदवारको व्यवस्था गरिनुपर्ने, दलित महिलालाई अल्पसंख्यक महिलाहरुद्वारा प्रतिस्थापन गर्ने प्रस्तावमा दलित महिलार्लाई राजनैतिक सहभागिताको अधिकारबाट वञ्चित गर्ने हुँदा उक्त संशोधनको व्यवस्थालाई अविलम्ब हटाउनुपर्नेमा जोड दिइएको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनमा महिला र दलितका लागि चक्रीय प्रणालीबाट निर्वाचन क्षेत्र तोकिने गरी महिलाका लागि ५० प्रतिशत दलितका लागि १३ प्रतिशत निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने उनिहरुको माग छ ।रासस

# बच्चाको मधुमेहको परीक्षण र उपचार निःशुल्क गर्दैछौँः स्वास्थ्यमन्त्री पौडेल

**नवलपुर ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बालबालिकामा हुने मधुमेहको परीक्षण र उपचार निःशुल्क गर्ने तयारी गरिरहेको बताएका छन ।




नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोटमा आइतवार आयोजित मधुमेह परीक्षण तथा जनचेतना कार्यक्रममा उनले सातवटै प्रदेशमा सेवा सञ्चालनको तयारी गरिरहेको बताएका हुन ।'बालबालिकामा हुने मधुमेह परीक्षण र उपचारका लागि सातवटै प्रदेशमा निःशुल्क गर्नेगरी हामीले काम अगाडि बढाइरहेका छौँ', स्वास्थ्यमन्त्री पौडेलले भने, 'बुढ्यौलीतर्फ उमेर ढल्किँदै गएपछि मधुमेह हुन्छ भन्ने मानसिकता समाजमा रहेको छ, तर बच्चाहरुलाई पनि यो रोग लाग्ने रहेछ ।'

नेपालको स्वास्थ्य व्यवस्थामा बालबालिकामैत्री विशेष कार्यक्रम ल्याउनु जरुरी रहेको मन्त्री पौडेलको भनाइ छ । वंशानुगत रोगसहितका अन्य रोगका बारेमा विशेष कार्यक्रम ल्याएर बालबालिकालाई सम्बोधन गर्नुपर्ने उनले बताए । 'पछिल्लो समय समाजमा बालबालिकाका विषयमा थुप्रै समस्या देखिएका छन', उनले भने, 'मोबाइल, टिभी, ल्यापटपसहितका डिजिटल उपकरण प्रयोग गर्न स्क्रिनमा हेर्ने विषयले समस्या निम्त्याउँदै गएको छ ।'

बच्चाहरुलाई हुनसक्ने समस्याका बारेमा सबैले सावधानी अपनाउनुपर्ने र सरकारले उपचारमा सहजीकरण गर्नुपर्ने मन्त्री पौडेलले बताए । बालबालिका र ज्येष्ठ नागरिकको उपचारलाई निःशुल्क कसरी बनाउन सकिन्छ भन्नेतर्फ राज्यले नीति निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

'वृद्धवृद्धा र बच्चाका सन्दर्भमा यसको भार राज्यले बहन गर्नुपर्ने हुन्छ', उनले भने, 'यस विषयमा विभिन्न संस्था बनाएर अन्यत्र जिम्मा लगाउन मिल्दैन ।' राज्यले स्वास्थ्योपचारमा सहयोग पु¥याउन सक्दैन भने त्यो लोककल्याणकारी राज्य नभएको उहाँले जिकिर गर्नुभयो ।

कार्यक्रममा नुरा हेल्थ फाउन्डेसनका देशीय निर्देशक डा सुशील कोइरालाले मधुमेह दुई प्रकारको हुने उल्लेख गर्दै बालबालिकालाई लाग्ने यस रोगलाई 'मधुमेह टाइप १' नामकरण गरिएको बताए । 'पाका उमेरका व्यक्तिलाई हुने मधुमेहमा शरीरले उत्पादन गर्ने इन्सुलिनको मात्रा थोरै हुने तथा औषधि खाएर पनि नियन्त्रण गर्न सकिने हुन्छ', उनले भने, 'बालबालिकामा हुने मधुमेहमा शरीरले इन्सुलिन उत्पादन गर्दैन, जीवनभर सुइबाट इन्सुलिन दिएर जीवनरक्षा गर्नुपर्ने हुन्छ ।'

मधुमेह टाइप १ लागेका बालबालिकाको सङ्ख्या धेरै भएको हुनसक्ने भन्दै उनले नेपालमा अहिले ६०० बिरामी सूचिकृत रहेको बताए । 'कति बिरामी उपचारका लागि आउनुभएको छैन, कतिले भारतमा गएर समेत उपचार गराइराख्नुभएको छ', उनले भने, 'मधुमेह लागेका बालबालिकाको एकिन तथ्याङ्क हामीसँग छैन ।'नेपालका विभिन्न पाँच अस्पतालबाट मधुमेह टाइप १ को उपचार भइरहेको उनले बताए । यो रोग किशोरावस्थामा सुरु हुने भएकाले यससम्बन्धी विशेष सतर्कता र सावधानी अपनाउनुपर्ने डा कोइरालाले बताए ।

उक्त कार्यक्रममा मधुमेह टाइप १ का बिरामी बालबालिकाले आफ्नो भोगाइ राखेका थिए । बिरामी भएर पनि समयमा उपचार गर्दा सामान्य जीवन बिताउन सकिने उनीहरुको भनाइ थियो । गैँडाकोटमा रहेको विजय विकास स्रोत केन्द्रको ४७औँ स्थापना दिवसका अवसरमा आयोजित मधुमेह परीक्षणमा गैँडाकोट आधारभूत अस्पताल तथा क्वेस्ट फर्मास्युटिकल्स प्रालिले प्राविधिक सहयोग गरेका थिए ।

कार्यक्रममा विजय विकास स्रोत केन्द्रका अध्यक्ष कृष्णप्रसाद सापकोटाले मधुमेहबारे स्वास्थ्य सचेतना आवश्यक रहेर कार्यक्रम गरिएको बताए । स्वास्थ्य नै ठूलो धन भएकाले मानिस स्वस्थ हुनका लागि खानपान र जीवनशैलीमा सुधार ल्याउनुपर्ने अध्यक्ष सापकोटाको भनाइ छ ।

# अन्तर्राष्ट्रिय रियालिटी शोमार्फत नेपालीहरुले प्रतिभा देखाउन अवसर पाएका छन्ः सभामुख

**काठमाडौं ।**
सभामुख देवराज घिमिरेले इन्ट्रा नेशनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा सञ्चालित अन्तर्राष्ट्रिय नेपाली रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स'र 'मेरो डान्स युनिभर्स'मा सहभागी कलाकारहरूसँग साक्षात्कार गरेका छन् । विभिन्न मुलुकबाट नेपाल आएका कलाकारहरूसँगको कार्यक्रममा उनले नेपाली कला, संस्कृति र संस्कारको महत्वमाथि जोड दिएका हुन् ।

सभामुख घिमिरेले भने, 'हामी जुन मुलुकमा जन्मियौं, त्यसको एउटा पहिचान हाम्रा संस्कार, संस्कृति, कला र साहित्य हुन् । यी सबैले हामीलाई संसारको जुन ठाउँमा भए पनि आपसमा जोडिराख्छ ।'

उनले अन्तर्राष्ट्रिय नेपाली रियालिटी शोले नेपाली युवाहरूमा रहेको प्रतिभालाई उजागर गर्ने अवसर दिएको बताए । 'यो प्लेटफर्मले प्रतिभा विकाससँगै अन्य विविध क्षेत्रको विकासमा पनि टेवा पुर्याउँछ । साथै, संसारभर छरिएर रहेका नेपालीहरूलाई नेपालीपनको परिचय दिने काम पनि यसले गरिरहेको छ,'उनले भने ।

सभामुख घिमिरेले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक पहिचानमार्फत चिनाउन सकिने सम्भावनातर्फ पनि ध्यानाकर्षण गराएका थिए । कार्यक्रममा शोमा सहभागी भएका विभिन्न मुलुकका कलाकारहरूको उपस्थिति रहेको थियो ।

# अराजकता र उश्रृंखलतालाई नियमन गर्न मिडिया काउन्सिल विधेयकः मन्त्री गुरुङ

**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मिडिया क्षेत्रमा भएको अराजकता, उश्रृंखलतालाई नियमन गर्न मिडिया काउन्सिल विधेयक महत्वपूर्ण रहेको बताएका छन् ।

आइतबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा भएको मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफलमा उनले मिडिया क्षेत्रको अराजकतालाई नियमन गर्न र पत्रकारहरुको आचारसंहिता निर्माण गर्न विधेयक आएको भन्दै यसलाई कार्यान्वयनमा ल्याउन सके धेरै समस्याको समाधान हुने बताए ।

उनले भने, 'यो विधेयक आजपनि एकदमै धेरै जरुरी छ, किनभने यो क्षेत्रमा जुन खालको अराजकता, उश्रृंखलता र अस्तव्यस्तता देखिएको छ त्यसलाई नियमन र स्वनियमन गर्नको लागि पत्रकारहरुको आचारसंहिता निर्माण गर्ने विधेयकको रुपमा विधेयक आएको छ । त्यसकारण समितिबाट यसलाई छिटै छलफल गरेर फैसला गरेर कार्यान्वयनमा ल्याउन सक्यो भने धेरै समस्याको समाधान हुन्छ ।'

यस्तै, उनले प्रेस काउन्सिल विधेयक २०४८ ले आजको चुनौती र समस्याहरुको समाधान गर्न नसक्ने भएको हुनाले बोर्डकास्टिङ, प्रिन्टिङ र अनलाइन तीन वटै मिडियालाई व्यवस्थापन गर्नको लागि मिडिया काउन्सिल विधेयक अगाडि सारेको बताए ।

उनले भने, 'प्रेस काउन्सिल विधेयक हुँदाहुँदै मिडिया काउन्सिल विधेयक किन ल्याउनु पर्यो भन्ने कुरामा जुन बेला प्रेस काउन्सिल विधेयक २०४८ बनाउँदै थियौं, त्यो बेला अनलाइन मिडियाको प्रवेश नै भएको थिएन् । त्यसकारण बोर्डकास्टिङ र प्रिन्टिङ् मिडियाको मात्र समस्याहरु हेर्ने र त्यसको व्यवस्थापन गर्नको लागि बनेको प्रेस काउन्सिल विधेयकले चुनौती र समस्याहरुको समाधान गर्न नसक्ने भएको हुनाले र नयाँ संरचना पनि चाहिने भएकाले बोर्डकास्टिङ, प्रिन्टिङ र अनलाइन तीनवटै मिडियालाई व्यवस्थापन गर्नको लागि मिडिया काउन्सिल विधेयक अगाडि सारेका हौं ।'

धेरै छलफल पश्चात केही संशोधनसहित राष्ट्रिय सभाबाट विधेयक पास भएको भन्दै स्वनियमन प्रवद्र्धन गर्नको लागि ऐन आवश्यक रहेको पनि उनको भनाइ छ ।

साथै, उनले प्रस्तावित कानूनमा काउन्सिलको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धी, पत्रकार आचारसंहिता, आचारसंहिताको पालना, अनुगमन तथा कारबाही सम्बन्धी व्यवस्था पनि गरेको पनि बताए ।

# राजेन्द्र लिङ्देनविरुद्ध उपाध्यक्ष गिरी निर्वाचन आयोगमा

**काठमाडौं ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को उपाध्यक्ष पदबाट हटाइएका मुकुन्दश्याम गिरी आफूमाथि गरेको कारबाहीको विरोध स्वरुप निर्वाचन आयोग पुगेका छन् । अध्यक्ष राजेन्द्र लिङ्देनले आफूमाथि गरेको कारबाही अन्यायपूर्ण र पार्टीको विधान विपरित रहेको भन्दै उनी आइतबार उजुरी दिन निर्वाचन आयोग पुगेका हुन् ।

आयोगबाट निस्कने क्रममा सञ्चारकर्मीहरुसँगको कुराकानीमा उनले पार्टीको विधान अनुसार पार्टी सञ्चालन गर्नुपर्ने ठाउँमा पार्टीको विधान विपरित गएर पार्टीका पदाधिकारी तथा सदस्यहरुलाई क्रमशःनिलम्बन गर्ने र पदमुक्त गर्ने प्रकृया सुरु भएको भन्दै आपत्ति जनाए ।

उनले भने,'पार्टीको विधान अनुसार पार्टी सञ्चालन गर्नुपर्ने ठाउँमा पार्टीको विधान विपरित पार्टीका पदाधिकारी तथा सदस्यहरुलाई क्रमशःनिलम्वन गर्ने र पदमुक्त गर्ने प्रकृया सुरु भएको छ । मलाई पनि पार्टीको उपाध्यक्षबाट पदमुक्त गरियो । मलाई अन्याय भएको हुनाले र मेरो जीवनभरको पार्टीप्रतिको लगानीमा अन्याय गरेको हुनाले म यहाँ आयोग आएको हुँ ।'

उनले पार्टीको अध्यक्षले यसरी गरिएको सम्पूर्ण कारवाहीहरु विधागत नभएको दाबी गरे ।

अध्यक्ष लिङदेनले गिरीलाई उपाध्यक्ष तथा केन्द्रीय सदस्यबाट शुक्रबार बर्खास्त गरेका थिए । सो निर्णय पार्टीको विधानविपरीत भएको भन्दै गिरीले उजुरी गर्न लागेका हुन् । सुर्खेतका गिरीलाई अध्यक्ष लिङ्देनले २०७८ माघ १६ गते उपाध्यक्ष मनोनित गरेका थिए ।

निर्वाचन आयोगमा गिरीलाई साथ दिँदै राप्रपाका महामन्त्री डा. धवलशमशेर राणा र कुन्तीकुमारी शाहीलगायत संस्थापन इतर पक्षका नेताहरू उपस्थित भएका छन् ।

# अत्यावश्यकबाहेक लामो यात्रा नगर्न प्रधानमन्त्रीको अनुरोध

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन समस्त देशवासीमा अनुरोध गरेका छन । साथै उनले मौसमजन्य विपद्बाट जोगिन तथा सजग रहन आह्वान पनि गरेका छन ।

जल तथा मौसम विज्ञान विभागले आईतवार दिउँसो देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेकाले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गरेका हुन । विभागले जारी गरेको विवरण सार्वजनिक गर्दै प्रधानमन्त्री सामाजिक सञ्जालमा सचेत रहन अनुरोध गरेका हुन ।

'शुभ बिहानी ! मौसम विज्ञान विभागले आज दिउँसो देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेको छ । मौसमजन्य विपद्बाट बच्न सुरक्षा निकायले आवश्यक सतर्कताका लागि जारी गरेको सूचनालाई पालना गरौँ । अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गर्दछु ।

सुरक्षाकर्मीलाई आवश्यक सुरक्षाको तयारी अवस्थामा रहन निर्देशन गर्दछु', प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेखेका छन ।रासस

# बुटवल–नारायणगढ दाउन्ने सडकः एक वर्षमै ६३ पटक बन्द



**नवलपरासी ।**
बुटवल–नारायणगढ सडकअन्तर्गतको दाउन्ने खण्ड एक वर्षमा ६३ पटक अवरुद्ध भएको छ ।
नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका–२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको हो ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख जनक बन्जाराका अनुसार पछिल्लो एक वर्षमा उक्त सडक पूर्ण वा आंशिक रूपमा अवरुद्ध भएको छ । यीमध्ये अधिकांश घटना भारी वर्षासँगै आएको पहिरो वा खसेको माटोले सडक अवरुद्ध हुँदा भएका थिए । सडक मर्मतका क्रममा ठूला उपकरण जाम हुँदा र ट्रक बिग्रिएर रोकिँदा पनि घण्टौँसम्म बाटो थुनिएको थियो ।
दाउन्ने क्षेत्रको विश्वकर्मा मन्दिर, घ्युखोला, त्रियासी मोडलगायत क्षेत्रमा बढीजसो सडक अवरुद्ध भएको पाइएको छ । बुटवल–नारायणगढ सडक विस्तारका लागि दाउन्ने पहाडमा भित्तो कटानको काम सुरु गरेसँगै सडक अवरुद्ध हुने क्रम बढेको हो । जम्मा १४ किलोमिटर दूरी रहेको दाउन्ने क्षेत्रमा गत आर्थिक वर्ष विगतको भन्दा धेरैपटक सडक अवरुद्ध भएको प्रमुख बन्जाराले बताए ।
'वर्षाको समयमा लगातार पहिरो, हिलो र सडक कटानका कारण तथा घाम लागेका दिनमा खाल्डाखुल्डी र धुलोले दाउन्ने क्षेत्र सधैँजसो समस्याग्रस्त बनिरहेको छ', उनले भने ।
गत पुस २६ गते विनयी त्रिवेणी गाउँपालिका–१ दुम्कीवासको विनयी खोला पुल भाँचिएपछि यस क्षेत्रको यातायात थप अस्तव्यस्त बनेको थियो । सो अवधिमा निर्माण गरिएको अस्थायी डाइभर्सन पटकपटक खोलाले बगाउँदा यातायात अवरुद्ध हुने गरेको थियो । गत असार १९ गतेदेखि विनयी खोलामा नयाँ पुल सञ्चालनमा आएपछि सो समस्या टरेको छ ।
दाउन्ने सडकखण्ड विस्तारका लागि गत चैत २७ देखि चैत ३१ गतेसम्म दिनको ११:०० देखि ३:०० बजेसम्म र वैशाख १ देखि ३१ गतेसम्म रातिको ११:०० देखि बिहान ५:०० बजेसम्म अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गरिएको थियो । अहिले दाउन्ने खण्डमा पर्खाल लगाउने, कल्भर्ट निर्माण र सडक ढलानको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले बताए ।
नारायणगढ–बुटवल सडकखण्डको एक सय १४ किलोमिटरअन्तर्गत गैँडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित ६ र जोखिम बढी रहेको क्षेत्र मानिने दाइउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ । रु १७ अर्ब लागतमा सडक निर्माणको ठेक्का पाएको चाइना स्टेट इञ्जिनियरिङ कर्पोरेसनले हालसम्म तीनपटक म्याद थपिसकेको छ । यही साउन मसान्तसम्म काम सम्पन्न गर्नुपर्ने छ ।रासस

# पुँजीबजारमा साढे २१ अर्बको कारोबार
## नेप्से परिसूचकमा झिनो सुधार

**काठमाडौं।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिँदा कारोबार रकम भने करिब साढे २१ अर्ब हाराहारी पुगेको छ।
आज नेप्से परिसूचक शून्य दशमलव ३२ अङ्कले बढेर दुई हजार ८७० दशमलव ९५ को बिन्दुमा कायम भएको छ । आजको कारोबारमा विभिन्न ३१६ कम्पनीका पाँच करोड १६ लाख ५८ हजार ३८५ कित्ता शेयर एक लाख ७८ हजार १७६ पटक खरिदबिक्री हुँदा २१ अर्ब ४६ करोड ४९ लाख ९४ हजार १३३ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।
आज बैंकिङ समूह एक दशमलव ३८, विकास बैंक शून्य दशमलव ०८, वित्त दुई दशमलव २६, जलविद्युत् शून्य दशमलव ४२, लगानी शून्य दशमलव १६, उत्पादन तथा प्रशोधन एक दशमलव १२, लघुवित्त शून्य दशमलव ०२ र व्यापार समूह शून्य दशमलव ५० प्रतिशतले घटेको छ । बाँकी सबै समूहको उपसूचक बढेको छ।
होटल तथा पर्यटन समूह एक दशमलव २४, जीवन बीमा एक दशमलव ४०, म्युचुअल फन्ड शून्य दशमलव २५, निर्जीवन बीमा एक दशमलव ३७ र अन्य समूह तीन दशमलव ३६ प्रतिशतले बढेको छ।
उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड र सान्भी इनर्जी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै समृद्धी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ८८ प्रतिशतले घटेको छ।
कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रि–इन्स्योरेन्स कम्पनी लिमिटेडको ९८ करोड ५५ लाख ५२ हजार ९८९ रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सिटिजन्स सुपर–३० म्युचुअल फन्डको ३१ लाख सात हजार २०० कित्ता शेयर खरिदबिक्री भएको छ।रासस

# इन्जिनियरिङ अध्ययन संस्थानका विद्यार्थी विरोध प्रदर्शनमा

**काठमाडौं।**
इन्जिनियरिङ अध्ययन संस्थान (इअसं) का विद्यार्थीहरुले आइतबार त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको कार्यालय अगाडि प्रदर्शन गरेका छन्।
इन्जिनियरिङ अध्ययन संस्थानमा २०५५ सालदेखि कार्यान्वयनमा रहेको विकेन्द्रीकरण र स्वायत्तताको निरन्तरता सुनिश्चित गरियोस् भन्ने माग राख्दै विद्यार्थीहरुले विरोध प्रदर्शन गरेका हुन्।
इन्जिनियरिङ अध्ययन संस्थानको आर्थिक, शैक्षिक र प्रशासनिक स्वायत्ततामाथि गरिने कुनै पनि प्रकारको हस्तक्षेप तुरुन्त खारेज गरियोस् भन्ने नारासहित इअसंका विद्यार्थीहरु आन्दोलनमा उत्रिएको विद्यार्थीहरुले बताए।
प्रदर्शनमा पुगेका विद्यार्थी कुशल कठायतले भने, 'इन्जिजियरिङ अध्ययन संस्थानमा पढाइ ठप्प भएको १२ दिन भएको छ । यसले परीक्षा सर्ने जस्ता शैक्षिक अन्योल भएको छ । विकेन्द्रीकरणले आफ्नो अधिकारभित्र रहेर निर्णय गर्ने कुरालाई केन्द्रीकरण गर्दा शैक्षिक गुणस्तर खस्किने देखिन्छ।'
यसैगरी अर्का विद्यार्थी उज्जल भुसालले स्वायत्त इअसं हुँदा समयमा नै परीक्षा हुने र गुणस्तरीय शिक्षा प्राप्त भइरहेको बताए।
'इन्जिनियरिङ अध्ययन संस्थान हाम्रो पहिचान हो। यो कसैको अनुमतिका बाँच्ने संस्थान होइन। हामी अधिकार माग्न आएका हौ। समयमा नै परीक्षा, भरपर्दो प्रशासन, गुणस्तरीय शिक्षा स्वायत्तताको कुरा गर्न आएका हौं,'उनले भने।

# दुग्ध उत्पादक किसानलाई २८ लाख रुपैयाँ अनुदान

**त्रिवेणी ।**
(बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकाले दुग्ध उत्पादक किसानलाई करिब रू २८ लाख अनुदान उपलब्ध गराएको छ ।
नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा नगरभित्रका दुग्ध उत्पादक किसानलाई २७ लाख ९२ हजार २९६ रुपैयाँ अनुदानस्वरुप उपलब्ध गराइएको जानकारी दिएको छ ।
नगरपालिकाले दुग्ध उत्पादक किसानलाई पाँच वटा सहकारीमा सङ्कलन भएको १३ लाख ९६ हजार १४८ लिटर दूधमा प्रतिलिटर रू दुईका दरले अनुदान उपलब्ध गराइएको हो ।
नगरपालिकाका अनसार साना किसान कृषि सहकारी संस्था कावासोती–१४ मार्फत छ लाख ३५ हजार २७५ लिटर, एकीकृत दुग्ध विकास सहकारी संस्था कावासोती–८ मार्फत तीन लाख १९ हजार ६४ लिटर, जनकल्याण कृषि तथा दुग्ध सहकारी कावासोती–१७ मार्फत तीन लाख १६ हजार ९९२ लिटर, शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी कावासोती–२ मार्फत ५७ हजार ५८३ लिटर र नमुना दुग्ध उत्पादक सहकारी कावासोती–१७ मार्फत ६७ हजार २३३ लिटर दूध सङ्कलन भएको र सोही आधारमा अनुदान उपलब्ध गराइएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत लीलाराज पौडेलले जानकारी दिए । नगर प्रमुख विष्णुप्रसाद भुसालले अनुदानले किसानलाई प्रोत्साहन गर्ने विश्वास लिइएको बताए ।'
किसानलाई केही राहत होस् भन्ने उद्देश्यले अनुदान उपलब्ध गराइएको हो', उनले भने । रासस

## चालु आवको मौद्रिक नीतिमा महासंघको धारणाः
# अर्थतन्त्रलाई गति दिने अपेक्षा

**काठमाडौं।**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष (आव) २०८२/८३ का लागि सार्वजनिक गरेको मौद्रिक नीतिले अर्थतन्त्रलाई गति दिने अपेक्षा गरिएको नेपाल उद्योग वाणिज्य महासंघले जनाएको छ । नेपाल राष्ट्र बैकका गर्भनर डा. विश्वनाथ पौडेलद्धारा प्रस्तुत नीतिद्धारा लक्षित लगानी बढाउन र वित्तिय क्षेत्रको जोखिम व्यवस्थापनका लागि भने थप सुधार आवश्यक महासंघको भनाई छ ।
मौद्रिक नीतिमा नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरलाई मौद्रिक नीतिको अंकुशको रुपमा लिईदै आएकोमा यसलाई अन्तरिम लक्ष्यको रुपमा यथावत् राखिएको छ । नेपालको अन्तराष्ट्रिय व्यापारमा सेफगार्डका रुपमा रहेको स्थिर विनिमय दर यथावत राख्नु नै आवश्यक नै रहेको महासंघको धारणा छ।
यस्तै ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाई ६.० प्रतिशत र ब्याजदर करिडरको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३.० प्रतिशतबाट घटाई २.७५ प्रतिशत निर्धारण गरिएको छ। नीतिगत दरलाई ५.० प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको छ। यो व्यवस्थाले व्याज घट्न गई केही हदसम्म कर्जा प्रवाह बढ्न सक्ने भए तापनि वचतको व्याज पनि घट्ने हुंदा सर्वसाधारण वचतकर्ता निरुत्साहित हुन सक्ने महासंघले बताएको छ।
निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा २ करोडबाट बढाई ३ करोड रुपैयाँ कायम गरिने र पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मौद्रिक नीतिमा गरिएको छ । यस विषयमा महासंघले पनि आफ्नो सुझाव दिएको थियो। यसले सर्वसाधारणलाई घर खरिदमा आकर्षित गर्न सक्ने हुँदा अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्न सक्ने अपेक्षा गर्न सकिन्छ।
यसैगरी चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी–आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिने व्यवस्था आएको छ। यो स्वागतयोग्य व्यवस्था हो। तर कर्जाको प्रकृति फरक हुने हुँदा सबै क्षेत्रमा यो व्यवस्था खुकुलो बनाउन आवश्यक देखिएको सन्दर्भमा यस सम्बन्धी निर्णय बैंक र ऋणि स्वयम्ले गर्न पाउने गरी महासंघले दिएको सुझाव कार्यान्वयन गर्नु उपयुक्त हुने महासंघको सुझाव छ।
विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने व्यवस्था आएको छ । यस सम्बन्धी निर्देशिका आयपछि थप प्रष्ट हुने नै छ।
कृषि, लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाहरूले धितो आफैँले मूल्याङ्कन गरी १० लाख रुपयाँसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्ने व्यवस्था ल्याएको छ। यसरी प्रवाह हुने १० लाख रुपैयाँसम्मको कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था, बैंकहरुले कृषि व्यवसायसँग सम्बन्धित कार्यका लागि उत्पादनको प्रकृतिसँग तालमेल हुने गरी विभिन्न अवधि र प्रकृतिका कर्जा प्रवाह गर्नसक्ने व्यवस्थालाई थप सरलीकरण गरिने व्यवस्था सकारात्मक भएको महासंघले जनाएको छ।
हुलाकी राजमार्ग तथा मध्य–पहाडी लोकमार्ग आसपासका क्षेत्रका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (संकेत) लिएका होटल तथा रेष्टुरेन्ट र राजमार्ग÷लोकमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायहरूलाई प्रवद्र्धन गर्ने मौद्रिक नीतिमा उल्लेख छ।
यस्ता क्षेत्रमा ३ करोड रुपैयाँसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था गरिएको छ । यस्तो कर्जामा आधार दरमा बढीमा २ प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्थालाई पनि महासंघले स्वागत गरेको छ।
मौद्रिक नीतिमा नेपाल सरकारबाट स्वीकृतिप्राप्त निकायमा दर्ता भई सञ्चालनमा रहेका जग्गा विकास तथा भवन निर्माणसँग सम्बन्धित फर्म÷कम्पनीलाई प्रवाहित कर्जाका लागि पुनरसंरचना र पुनरतालिकीकरण गर्नका लागि आवश्यक सहजीकरण गरिने व्यवस्था सकारात्मक छ। यसको कार्यान्वयनको लागि निर्देशिका मा स्पष्ट व्यवसथा हुनु आवश्यक छ।
यसैगरी जाजरकोट, रुकुम लगायतका भूकम्पप्रभावित क्षेत्रका परियोजनामा प्रवाहित भएको व्यावसायिक कर्जाको ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनरतालिकीकरण÷पुनरसंरचना गर्न सक्ने व्यवस्था स्वागतयोग्य रहेपनि अर्थतन्त्र अझै चलायमान नभैसकेको अवस्थामा समस्यामा परेका सबै ऋणिहरुलाई यो सुविधा दिइनु आवश्यक छ। यस सम्बन्धी व्यवस्था बजेट वक्तव्यमा समेत भएको हुनाले सोही अनुरुप व्यवस्था हुनु आवश्यक छ।
बैंक तथा वित्तीय संस्थाहरूबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोडबाट बढाई २५ करोड रुपैयाँ बनाइने व्यवस्थाले शेयर बजारमा सकारात्मक प्रभाव पर्ने अपेक्षा छ।
चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिने व्यवस्थाले बजार व्यवस्थित गर्न सघाउ पुग्नेछ तर बजारमा देखिएका समस्या समाधानका लागि उधारो उठाउने सम्बन्धी कानून आवश्यक छ । जुन विषय महासंघले उठाउँदै आएको छ।
यसैगरी पूर्वाधार निर्माणमा सहजीकरणका लागि महासंघले आवश्यक व्यवस्था गर्न सुझाव दिएको थियो । मौद्रिक नीतिमा नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले वित्तीय श्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सकिने व्यवस्था छ । यसलाई महासंघले सकारात्मक रुपमा लिएको छ।
नेपाल सरकारको आर्थिक वर्ष २०८२÷८३ को बजेट वक्तव्यमा उल्लिखित सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिने व्यवस्था आएको छ । यस सम्बन्धी नीतिगत व्यवस्था आवश्यक छ।
यस्तै चालु आ.व.को बजेट वक्तव्यमा उल्लेखित औपचारिक वित्तीय प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने विषयमा आवश्यक सहजीकरण गरिने व्यवस्था स्वागतयोग्य रहेपनि बजार चलायमान बनाउन आन्तरिक रेमिट्यान्स सेवा खुला गरिनुपर्दछ भन्ने महासंघको धारणा छ।
बैंकिङ क्षेत्रको निष्कृय कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा सघाऊ पु¥याउने उद्देश्यले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको लागि आवश्यक ऐन र नियमको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिने विषय पनि सकारात्मक छ।
विदेशी लगानी अभिवृद्धिमा सहजीकरण हुने गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" लाई संशोधन गरिने उल्लेख छ । नेपालमा विदेशी लगानी गर्ने लगानीकर्ताले साँवा, ब्याज तथा लाभांशलगायत फिर्ता भुक्तानी लैजाने व्यवस्थामा सहजीकरण गरिने व्यवस्था आएको छ । यसले विदेशी लगानी आकर्षित गर्न सघाउ पुग्ने देखिन्छ । कूल ग्रार्हस्थ उत्पादनको ०.२ प्रतिशत मात्रै विदेशी लगानी आइरहेको सन्दर्भमा यी र यस्तै सहजीकरणका व्यवस्था तत्काल कार्यान्वयन हुनुपर्दछ भन्ने महासंघको राय छ।
भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई हाल प्रतिपटक अमेरिकी डलर २५०० सम्म सटही सुविधा उपलब्ध गराउने व्यवस्था रहेकोमा यस्तो सटही सुविधा वृद्धि गरी अमेरिकी डलर ३००० कायम गरिएको छ यसलाई पनि महासंघले सकारात्मक रुपमा लिएको छ।
ग्रामीण क्षेत्रमा ऋणीहरूसँग निरन्तर सम्वादमा रहने उद्देश्यले "ऋणीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालन गरिने व्यवस्थाले साना ऋणिको आवाज केन्द्रीय बैंकसम्म पुग्ने अपेक्षा महासंघको छ।
आर्थिक वर्ष २०८२÷८३ को लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.० प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ। हाल ८ प्रतिशत भन्दा कम कर्जा प्रवाह भैरहेको सन्दर्भमा मौद्रिक नीति कार्यान्वयनका लागि जारी हुने निर्देशिकाहरु र परिपत्रहरुले निजी क्षेत्रले माग गरेका मुद्दाहरु सम्बोधन गर्न सके मात्रै लक्ष्य अनुसार कर्जा प्रवाह हुनाको साथै अर्थतन्त्रले अपेक्षित गति लिन सक्ने महासंघको धारणा छ।

# दक्षिण कोरियामा भिषण बाढी र पहिरो १४ को मृत्यु, १२ अझै बेपत्ता

**सियोल।**
दक्षिण कोरियामा भारी वर्षाको कारण मृत्युको संख्या १४ पुगेको छ ।आपतकालिन निकायकाअधिकारीहरूले भनेका छन कि अधिक मृत्युको डर बढ्दै जाँदा, प्रकोप सुरु भएदेखि थप १२ जना अझै बेपत्ता रहेका छन्।
स्थानिय मिडियाले सरकारी अधिकारीहरूलाई उद्धृत गर्दै गपेयोङको रिसोर्ट सहरमा आइतबार पहिरोले घरहरू र बाढीले बगाउँदा चारजना बेपत्ता भएको जनाएको छ।
सो पहिरोमा परी घर भत्किँदा ७० वर्षकी एक महिलाको मृत्यु भएको छ भने ४० वर्षका एक पुरुषको शव पुल नजिकै डुबेको अवस्थामा फेला परेको दक्षिण कोरियाको आधिकारिक समाचार एजेन्सी योनहापले जनाएको छ। आइतबार बिहान सियोलबाट ७० किलोमिटर (४० माइल) पूर्वमा रहेको ग्योङगी प्रान्तको क्षेत्रमा लगभग १७० मिमी (६.७ इन्च) वर्षा रेकर्ड गरिएको थियो। तर अधिकांश मृत्यु सान्चेङको दक्षिणी काउन्टीमा भएको छ, जहाँ बुधबारदेखि झण्डै ८०० मिमी (३१.५ इन्च) वर्षा भएको छ।
खोज र उद्धार कार्यको क्रममा आइतबार बिहानै त्यहाँ दुईवटा शव फेला परेका थिए, जसले ग्रामीण काउन्टीमा मृत्यु हुनेको संख्या ८ पुगेको छ, ६ जना अझै बेपत्ता छन्।
साथै, बेपत्ता भएका १२ जनामध्ये दुई जना दक्षिणपश्चिमी सहर ग्वाङ्जुरहेको योनहापले जनाएको छ। योनहापले अधिकारीहरूलाई पनि उद्धृत गरेको छ कि उनीहरूले बाढीले बगाएको सडक, माटोको क्षति र सार्वजनिक सुविधाहरू ध्वस्त भएको र भवन र खेतबारी जस्ता निजी सम्पत्तिमा क्षति पुगेको भन्दै १ हजार ९६१ उजुरी दर्ता भएका छन् । एजेन्सी

# सुशासन कायम गर्न समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छः माया राई

**काठमाडौँ ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य माया राई अहिले प्रतिनिधिसभामा सांसद छन । उनि सङ्घीय संसद्मा कोशी प्रदेश भोजपुरबाट आदिवासी जनजाति कोटाबाट प्रतिनिधित्व गर्छिन । सांसद राईसँग राससका समाचारदाता सुशील दर्नालले संसदीय गतिविधि, संविधान कार्यान्वयन, संशोधन, महिला र आदिवासी जनजातिको अधिकार, युवा विदेश पलायनलगायत मुलुकको समसामयिक विषयमा लिएको अन्तर्वार्ताको सम्पादित अंश हो ।



मेरो अधिकांश समय संसदीय गतिविधिमा बित्छ । म महिला तथा सामाजिक मामिला समितिको सदस्य छु । मैले भोजपुर जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्छु । जिल्लाका जनताका विषयवस्तुलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम पनि भइरहेको छ । सुशासन कायम गर्न समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्नेमा मेरो जोड छ ।

जनताको समस्या समाधान गर्ने थलो संसद् हो । संसद्मा कानुन निर्माणका साथै जनताका सवालसहित समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउने काम हुन्छ । आफ्नो जिल्लाको समस्या सदनमा राखिन्छ । तर अत्यन्त कम कार्यान्वयन भइरहेको छ । बजेटको विषयमा प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट आएका सांसदको बीचमा विभेद हुने रहेछ । समानुपातिक सांसदभन्दा प्रत्यक्ष निर्वाचित सांसदलाई बढी प्राथमिकता दिएको देखिन्छ । तर यसरी विभेद गर्नु हुँदैन भन्ने मेरो जोड छ । समानुपातिक पद्धति भने पनि त्यो निर्वाचनबाटै आएको हो ।

संविधानको कार्यान्वयन आम रूपमा भइरहेको छ, तर जति कार्यान्वयन हुनुपर्ने हो त्यति भएको छैन । महिलाका हकमा संसद्मा ३३ प्रतिशत कार्यान्वयन भएको छ । संविधानबमोजिम दुईवटा आमनिर्वाचन सम्पन्न भएका छन् । सङ्घीयतासँग जोडिएका केही कानुन बनिसकेका छन्, केही बन्ने क्रममा छन् । तर सीमान्तकृत समुदायको हकमा संविधान पूर्ण कार्यान्वयन हुन सकेको छैन । आमाको नामबाट नागरिकता पाउने व्यवस्था नयाँ नागरिकता ऐनमा छ, जुन निकै सकारात्मक पक्ष हो ।

नेपालको निर्वाचन प्रणाली भड्किलो र बढी खर्चिलो छ । स्थानीय निकायका वडाध्यक्ष र पालिकाको निर्वाचन जित्न पनि करोड खर्च गर्नुपर्ने विकृति मौलाएको छ । यो रकम सामान्य व्यक्तिले जुटाउन समस्या हुन्छ । त्यसैले पनि नेतृत्वमा पुगेपछि निर्वाचनमा भएको खर्च उठाउन भ्रष्टाचार हुने सम्भावना बढी रहन्छ । अहिलेको निर्वाचन प्रणालीले भ्रष्टाचारलाई प्रोत्साहन गरेको छ । निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा राज्यको पनि खर्च कम हुन्छ । समानुपातिक निर्वाचन प्रणालीमा देश विकासले पनि गति लिनुका साथै सुशासन कायम हुने मेरो विश्वास छ ।

सङ्घीयताले अहिले संवैधानिक मान्यता र व्यवस्थित गरेको छ । अहिलेको सङ्घीयता बढी खर्चिलो भयो भन्ने जनगुनासो छ । देशको आर्थिक अवस्थाअनुसार सङ्घीय संरचना बनाउनुपर्छ । सङ्घ र प्रदेशका सांसद र मन्त्रालयको सङ्ख्या घटाउनुपर्छ । जनतालाई बढीभन्दा बढी सहयोग गर्ने पहिलो ठाउँ भनेकै स्थानीय तह भएकाले त्यसलाई स्रोतसाधन र अधिकारसम्पन्न गराउनु पर्दछ ।

समानुपातिक–समावेशी व्यवस्था जसका लागि भनिएको थियो, उसले पाउन सकेको छैन । लक्षित समुदायले यो सुविधाको उपभोग गर्न पाएका छैनन् । संसद्मा समानुपातिकमा वरिष्ठ नेता बसेपछि उत्पीडित र सीमान्तकृत समुदायले कसरी पाउँछ ? म आदिवासी जनजातिको कोटाबाट सांसद भएकी हुँ, तर ममात्र भएर भएन । मजस्ता अरु समुदायको पनि प्रतिनिधित्व हुनुप¥यो । समानुपातिक अधिकार तल्लो समुदायले पाउन सकेका छैनन् ।

आदिवासी जनजातिको जनसङ्ख्याका आधारमा राज्यका सबै तहमा अर्थपूर्ण सहभागिता हुनुपर्छ । संविधानअनुसार जनजातिलगायत अन्य समुदायले पनि अधिकार पाउन सकेका छैनन् । जनजातिको नीतिनिर्माण तहमा अर्थपूर्ण र नेतृत्वदायी भूमिकामा सहभागिता सुनिश्चित गर्नुपर्छ । आदिवासी/जनजातिको राज्यका केही निकायमा सहभागिता छ, तर अर्थपूर्ण सहभागिता भएको छैन । सहभागिताले मात्र हुँदैन, अर्थपूर्ण सहभागिता हुनुपर्छ । अहिलेको सरकार समावेशी छैन । यसअघिका सरकारले पनि जनजातिलाई राज्यमन्त्रीमा सीमित गरेका छन् । यद्यपि, हामी जनजातिले पार्टीभित्र पनि आवाज उठाइरहेका छौँ । संसद्, सडक र पार्टीभित्र पनि आफ्नो आवाज उठाउने काम भने भइरहेको छ ।

महिलाको दृष्टिकोणबाट हेर्दा संविधान अपूर्ण छ । हामी महिला आधा आकाश हो । हामीले संसद्मा ३३ प्रतिशतमात्र मागेको होइन । हाम्रो माग महिलाको जनसङ्ख्याका आधारमा राज्यका सबै संरचनामा सहभागिता हुनुपर्छ भन्ने हो । अहिले संसद्मा ३३ प्रतिशतमात्र छ । सरकारमा त्यही ३३ प्रतिशत पनि छैन ।

न्यायपालिकामा पनि महिलाको कमजोर उपस्थिति छ भने संवैधानिक निकायमा सहभागिता नै छैन भन्दा हुन्छ । त्यसैले यी सबै विषयलाई संविधानमा उल्लेख गर्नुपर्छ र कार्यान्वयन पनि गर्नुपर्छ । सेना र प्रहरीमा पनि महिलाको सहभागिता कमजोर देखिन्छ । स्थानीय तहमा महिलालाई उपप्रमुखमा मात्र सीमित गरिएको छ । सातै प्रदेशको अवस्था हेर्दा महिला सहभागिताको अवस्था सन्तोष गर्ने किसिमको छैन ।

राजनीतिक दलहरूले ३३ प्रतिशत महिलालाई निर्वाचनमा टिकट दिएकै छैनन् । राजनीतिक पार्टीको नेतृत्व तहमा महिला सहभागिता छैन । दलहरूले महिलालाई अगाडि बढाउन सकेको खण्डमा राज्यसंरचनाका प्रमुख पदमा महिला सहभागिता बढेर जानेछ । यदि पार्टीले नै स्थान दिएनन् भने कसरी राज्य संरचनामा महिलाको सहभागिता हुन्छ ? महिलालाई प्रत्यक्ष निर्वाचनका लागि बढीभन्दा बढी टिकट दिनुपर्छ । त्यसका लागि सबै पार्टीले आफ्नो विधान संशोधन गर्नुपर्छ । महिला–महिलाबीच प्रतिस्पर्धा हुनेगरी महिलाका लागि निर्वाचन क्षेत्र छुट्याउनुपर्छ ।

नेपालमा पर्याप्त मात्रामा रोजगारीको व्यवस्था छैन । आफ्नो सन्तानलाई राम्रो शिक्षा दिनुपर्छ भनेर सहर प्रवेश गर्नेको सङ्ख्या बढ्दो छ । सहर हुँदै विदेश जानेको सङ्ख्या बढ्दो छ । युवा पलायन रोक्न शिक्षा क्षेत्रमा सुधार गरी प्रविधिमैत्री र रोजगार केन्द्रित शिक्षा दिनुपर्छ । अहिले राजनीतिक दलका नेताका छोराछोरी निजी विद्यालयमा अध्ययन गरिरहेका छन् । सरकारी विद्यालयमा सर्वसाधारण जनताका छोराछोरीमात्र छन् । सरकारी विद्यालयमा पढाउने शिक्षकले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पठाएका छन् । शिक्षकहरू राजनीतिक पार्टीमा आबद्ध भएर राजनीति गरिरहेका छन् । यो अन्त्य हुन जरुरी छ । युवाको विदेश पलायन रोक्न नेपालको शिक्षा क्षेत्रमा सुधार गर्दै व्यावहारिक र गुणस्तरीय शिक्षा दिनुपर्छ । सरकारले रोजगारीमा लगानी गर्नुपर्छ । देशभित्र रोजगारी नभएपछि विदेश जानु नेपाली युवाको बाध्यता हो ।

नेपालको भोजपुर, धनकुटा, खोटाङ र उदयपुर जिल्ला भोजपुरसँग जोडिएका छन् । यी जिल्लामा भौगोलिक रूपमा पानीको मुहान कम छ । पानी नभएपछि उत्पादन कम हुन्छ, तर त्यहाँको प्राकृतिक रूपमा उत्पादन गर्न सकिने बाली केके छन् अध्ययन गरी सोहीअनुसार राज्यले लगानी गर्नुपर्छ । सरकारले त्यहीअनुरुपको नीति बनाएर बजेट विनियोजन गर्नुपर्छ ।रासस

# निसीखोलामा अझै जीवितै छ ‘थाम राम’ संस्कृति

**बागलुङ ।**
‘थाम राम’ निसीखोलाको विशिष्ट मौलिक संस्कृति हो । यो सयौँ वर्ष पुरानो मानिन्छ । बागलुङको निसीखोला गाउँपालिका–६ मा यतिबेला यो संस्कृतिले रौनक छाएको छ ।

विशेषगरी साउने सङ्क्रान्ति पर्वसँग साइनो जोडिएको थाम रामलाई स्थानीयले संरक्षणमा जोड दिएका छन् । स्थानीयको भाषामा ‘थाम’को अर्थ तरुनी तन्नेरी हात समाएर नाचगान गर्ने, दौडिने र ‘राम’को अर्थ मेला भन्ने बुझिन्छ । हरेक वर्ष साउन १ गते गाउँका युवायुवती जम्मा भएर लेकमा पुगेर फूल टिप्ने गर्छन् । गीत गाउँदै, नाच्दै र रमाइलो गर्दै फूल टिप्न लेक पुगेका उनीहरु साँझ गाउँ फर्किएर सङ्क्रान्ति मनाउने गर्छन् । भोलिपल्ट थामडाँडामा जम्मा भएर तरुनीतन्नेरीलाई लेकबाट लिएको फूल लगाइदिने, नाचगान गर्ने र हात समातेर दौडिने गर्छन् । हात समाएर दौडिने संस्कृतिलाई स्थानीयले थाम खेल्ने भन्छन् ।

थाम खेल्नेमा युवायुवतीदेखि बूढाबूढीसम्म सहभागी हुन्छन् । यो संस्कृतिलाई नयाँ पुस्ताले पनि चासो दिएका छन् । यसरी थाम खेल्दा देवीदेवता खुसी हुने धार्मिक मान्यता छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरका अनुसार पहिलेपहिले थाम खेल्ने जोडीले मायाप्रेम गर्ने र विवाह गर्ने गर्थे । तर पछिल्लो समय त्यो चलन भने कम भएको छ । थाम राम युवायुवतीको जमघट हुने माध्यमसमेत रहेको अध्यक्ष घर्तीमगरले बताए ।

‘थाम राम यो क्षेत्रको ऐतिहासिक संस्कृति हो, यसमा मगर समुदायको पहिचान जोडिएको छ, लेकमा फूल टिप्न जाँदा देउरालीमा ध्वजा बाँध्ने, फूल चढाउने र पूजा गर्ने गरिन्छ, यसरी फूल चढाउँदा पितृ खुसी हुने जनविश्वास छ’, अध्यक्ष घर्तीमगरले भने, ‘लेकमा फूल टिप्ने र थाम खेल्ने चलन त धेरै पहिलादेखि मनाइँदै आएको छ, हामीहरू पनि यसलाई संरक्षण गर्नुपर्छ भनेर लागेका छौँ ।’

यो संस्कृति द्वन्द्वकालमा हटेको थियो । विसं २०५७ देखि रोकिएको संस्कृति स्थानीयले गत वर्षदेखि पुनः मनाउन थालेका छन् । स्थानीय ६८ वर्षीय नैनसिंह बुढामगरले यो संस्कृति कहिलेदेखि मान्न सुरु भएको भन्ने यकिन नभएपनि बूढापाकाले भनेअनुसार बाइसेचौबीसे राजाका पालादेखि सुरु भएको हुनसक्ने बताउनुभयो । थाम रामले वर्षौंदेखि टाढिएका प्रेमीप्रेमिका, आफन्त जमघटको अवसर जुटाउने उनको भनाइ छ ।

बुढामगरले भने, ‘थाम राम पुरानो संस्कृति हो, यसबेला फूल टिप्ने, तरुनी तन्नेरीलाई लगाइदिने, नाचगान गर्ने र मनका वेदना पोख्ने गरिन्छ, पहिलेपहिले अहिलेको जस्तो फोनको जमान थिएन, तरुनीतन्नेरी भेटे हुनका लागि कुनै मेला महोत्सव हुनुपथ्र्यो, त्यसका लागि स्थानीयले लेकमा गएर फूल टिप्ने र थाम खेल्ने एउटा समय तोके सोहीअनुसार अहिले चल्दै आएको भन्ने लाग्छ, त्योसँगै धार्मिक आस्थासँग पनि यसको महत्व जोडिएको छ ।’

यहाँको रिग युवा क्लबले थाम राम संस्कृतिको संरक्षणमा अग्रणी भूमिका खेल्दै आएको छ । युवालाई एकीतृत गर्ने र पाका पुस्ताबाट नयाँ पुस्तामा संस्कृति हस्तान्तरणको प्रयास गरिएको छ । युवालाई बूढापाकासँगै राखेर सिकाउने कार्य गरेको क्लबका अध्यक्ष भुवनसिंह घर्तीमगरले जानकारी दिए । युवाले चासो नदिए संस्कृति नै लोप हुने उनको भनाइ छ । रासस

# रङ्गीबिरङ्गी फूलले सजिएको ढोरपाटन

**बागलुङ ।**
शान्त वातावरणमा रङ्गीबिरङ्गी फूल, छिनछिनमा परिवर्तन हुने मौसम र शीतल हावापानी बर्खायाममा ढोरपाटनको विशेषता हो यो । थरिथरिका फूलले रङ्गिएको ढोरपाटन बर्खायाम अन्य यामभन्दा झनै रमाइलो छ ।



बर्खायाम अन्यत्र पर्यटकीय गतिविधि शून्यप्रायः जस्तै हुँदा यसपटक भने बागलुङको ढोरपाटन पर्यटकले ‘गुल्जार’ बनेको छ । आठ किलोमिटर वरपर फैलिएको ढोरपाटन उपत्यकामा फुलेका रङ्गीबिरङ्गी वनफूलका कारण ढोरपाटनको छुट्टै रौनकता थपिएको छ ।

ढोरपाटनको फाँट र पाखा अनेक थरिका बुकी फुलेर रङ्गिएपछि रमणीय बनेको छ । प्रचारप्रसार र पर्यटकीय पूर्वाधारका कारण पछिल्लो समय ढोरपाटनमा बर्खामा समेत उत्तिकै पर्यटक आएको पाइएको छ । बर्खामा ढोरपाटन पुग्ने मुख्य कारण भनेको सयौँ थरिका रङ्गीबिरङ्गी फूल रहेको छ ।

स्थानीय ढोरपाटन सामुदायिक घरबासका सञ्चालक मिलन घर्तीका अनुसार असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको आगमन शून्य भए पनि ढोरपाटन ‘गुल्जार’ बनिरहेको बताए । ‘बर्खामा ढोरपाटन आउने सडक असहज छ तर यहाँको मनोरम दृश्यले पर्यटकको सडकयात्रा बिर्साउने गर्दछ, यस्तो बर्खामा समेत आफ्नो घरबासमा पाहुनाको कमी छैन, पछिल्लो दुई हप्तायता मौसममा सुधार भएसँगै बुकी पुग्ने पदयात्रीले घरबास भरिएर अन्य होटलमा पठाउन बाध्य भएको छु‘, घर्तीले भने, ‘यहाँको मुख्य विशेषता भनेको रङ्गीबिरङ्गी फूल हो, पदयात्रा गर्न सक्नेहरू चार हजारभन्दा माथिको उचाइ बुकीपाटनमा पुग्छन् भने पदयात्रा गर्न नसक्ने ढोरपाटन उपत्यकाका फूलसँगै घोडा सफारीमा रमाउने गरेका छन् ।’

पर्यटकका कारण यहाँका घरबास, होटल तथा घोडा व्यवसायीसमेत उत्साहित छन् । पच्चीस जना क्षमता रहेको घरबास यो बर्खामा समेत भरिएर पाहुना अन्य होटल तथा घरबासमा पठाइरहेको बताउँदै यो सिजनमा पोखरा, बुटवलदेखि काठमाडौँबाट समेत पर्यटक आउने गरेको पाइएको छ ।

कञ्चन उत्तरगङ्गा नदी, सुन्दर र समथर भूबनोट, अनेकथरि बुकीफूल र त्यसमाथि घोडा चरिरहेको दृश्यले ढोरपाटन पुग्ने जोकोही लोभिने गरेका काठमाडौँबाट मोटरसाइकलमा घुम्न आउनुभएका अनिल राजवंशीले बताए । यहाँ फल्ने रातो, सेतो, पहेँलो, गुलाफीजस्ता अनेकौँ थरिका फूलले पर्यटकलाई ढोरपाटन तानिरहेको छ ।

राजवंशीले चार हजार मिटरभन्दा माथिको बुकिपाटनसमेत एक दिनको पदयात्रामार्फत पुगेको बताउँदै ढोरपाटनको सौन्दर्यता वयान गरेर नसक्ने बताउछन । बुर्तिबाङबाट ढोरपाटनसम्मको झण्डै ३० किमी सडकलाई स्तरीय बनाउन सकेमा ढोरपाटनमा पर्यटकको कमी नहुने उनको भनाइ छ । राजवंशीले कष्टकरयात्रालाई ढोरपाटनको दृश्यले बिर्साउने गरेको बताए ।

‘टिकटकमा अहिले निकै सुन्दर दृश्य देखिएका थिए, ढोरपाटन उपत्यका, पदयात्रामार्फत बुटीपाटन गएको, भेडाका बथानसँगै सयौँ थरि फूलहरूको दृश्यले लोभ्यायो एक हप्ताको छुट्टी लिएर श्रीमतीसँगै काडमाडौँबाट ढोरपाटन आएँ’, राजवंशीले भने, ‘यो बर्खामा समेत पदयात्रीको कमी रहेन बुकी पाटनमा एक दिनमै सयौँ पर्यटक त्यहाँ आफूसँग गएको, पदयात्राका क्रममा बाटोमा साँघु र गोठ निर्माणले यात्रालाई केही सहज बनाएको पाएँ ।’ढोरपाटनबाट बुकी र जलजला क्षेत्र पुगेर हिमालका सुन्दर दृश्य हेर्न पर्यटक लालयित भएर ढोरपाटन पुग्ने गरेको पाइएको छ । पाटनैभरि फुल्ने वनफूल, फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी चर्दै गरेको दृश्यले पर्यटकलाई तान्ने गरेको छ । लेकमा फुल्ने फूललाई समग्रमा बुकीका नामले चिन्ने गरेको स्थानीयको भनाइ छ । अहिले सडक यातायात, होटल तथा घरबास सुविधा, सञ्चारमाध्यमले यहाँ आउन पनि निकै सजिलो भएको छ ।रासस

# हात्तीको त्रासः घर भत्कियो, अन्न सखाप

**कञ्चनपुर ।**
कृष्णपुर नगरपालिका–१ दोमिल्ला, साउन २ गतेको मध्यरात । रातको करिब १:०० बजेको थियो । मन्सरादेवी साउद छोरासँग कच्ची घरको भित्री कोठामा निदाएकी थिइन् । अचानक भित्तो हल्लियो । उहाँलाई ठूलो जनावरले पर्खालमै हिर्काएजस्तो भयो ।

‘पहिलोपल्ट त भूकम्प हो कि भनेर डराएँ’, मन्सराले सम्झिइन्, ‘बाहिर निस्किएँ, आँगनमा अँध्यारो थियो, तर छायाँजस्तो देखेँ– हात्तीको विशाल शरीर । एक सेकेन्ड पनि सोच्न सकिनँ, छोरालाई तानेर छिमेकीकहाँ भागेँ । धन्न भगवानले आमाछोराको ज्यानै जोगाए, हात्तीले तोडेको भित्तो (पर्खाल) नजिकै सुतेका थियौँ बाँच्यौँ, त्यसबेला केही सोचिन छोरा र आफ्नो ज्यान जोगिए हुन्थ्यो भनेर भगवान्सँग प्रार्थना गर्दै निस्किएँ’, उन भन्छन ।

हात्तीको बथानले घरको भित्ता भत्काएर भित्र राखिएको सबै अन्नपात खाएको साउदले बताए । बचेको सबै खुट्टाले कुल्चेर कामै नलाग्ने बनाइदिएको उहाँ बताउछन । ‘त्यो रात मेरा लागि कहिल्यै नबिर्सिने भयो’, साउद भने ।

छिमेकी देवकी भट्ट भन्छन ‘अझ अचम्म त के भयो भने हात्तीले मन्सराको घरमात्र भत्कायो, वरिपरिका घरमा केही गरेन, गएको वर्ष पनि मन्सारकै खेतको धान हात्तीको बथानले खाएर सखाप पार्यो, अरुको धानमा खुट्टासमेत हालेन ।’

अहिले छिमेकीले मन्सारको भत्केको घरको भित्तो लिपपोत गरिदिएका छन् । ‘केही दिनअघि मनि साउदको घर हात्तीले भत्काएको थियो’, उनले भने, ‘हात्ती अब बस्तीका स्थायी पाहुना भएजस्ता छन्, जुनसुकै बेला पनि आइपुग्छन्, राति घरभित्र सुत्न डर लाग्छ ।’

‘सडकबत्ती छैन, सावधानीका उपाय छैनन’, गौरी साउदले भने, ‘बत्ती भए हात्ती बस्तीमा पसेको टाढैबाट देखिन्थ्यो, अँध्यारोमा हात्ती आएको थाहा हुँदैन, जब घर भत्काउन सुरु गर्छन् तबमात्र थाहा हुन्छ, त्यसबेला ज्यान जोगाउनकै चिन्ता हुन्छ ।’

हात्तीले न खाद्यान्न छोड्छ, न घर । ऐश्वर्या सामुदायिक वनको सीमावर्ती बस्ती हात्तीको नियमित मार्ग बनेको छ । सो वनका अध्यक्ष ईश्वर बुढा भन्छन ‘हात्तीले खानेपानीको पाइप तानेर तोडेपछि ४० परिवार पिउने पानीबाट वञ्चित भएका छन्, मानवीय सङ्कट निम्तिएको छ ।’

हात्ती आतङ्क रोक्न मेसवायर, पर्खाल वा चेतावनी प्रणालीको आवश्यकता देखिएको छ । स्थानीयलाई रातभर आगो बालेर हात्ती भगाउनुपर्ने बाध्यता छ । रासस

# वडाअध्यक्षमाथि आक्रमणको महिना बित्दा पनि दोषी फरार

**प्रमोद सहनी**
**हेटौँडा ।**

एक महिनाअघि कार्यस्थलमै आक्रमणमा परेका हेटौँडा–१ का वडा अध्यक्ष सविन न्यौपानेमाथि भएको घटनाका दोषी अझै फेला नपरेपछि हेटौँडा उपमहानगरका जनप्रतिनिधि सडकमा उत्रिएका छन् । प्रहरी प्रशासनले प्रभावकारी अनुसन्धान नगरेको आरोप लगाउँदै उनीहरू जिल्ला प्रशासन कार्यालय परिसरमै सेवा प्रवाहसहितको विरोधमा उत्रिएका हुन् ।

हेटौँडा उपमहानगरपालिका वडा नम्बर–१ का वडा अध्यक्ष तथा प्रवक्ता सविन न्यौपानेमाथि भएको आक्रमणको एकमहिना बितिसक्दा पनि दोषी पहिचान र पक्राउ नहुनु स्थानीय तहका जनप्रतिनिधिका लागि असह्य बन्न थालेको छ । यही कारण हेटौँडाका सबै वडाध्यक्ष जिल्ला प्रशासन कार्यालय परिसरमै धर्नामा उत्रिएका छन् ।

जनप्रतिनिधिले आइतबारदेखि प्रशासनविरुद्ध शान्तिपूर्ण तर कडा विरोध शुरु गरेका छन् । उनीहरुले जिल्ला प्रशासन कार्यालय मकवानपुरको प्रतिक्षालयमा टेबल राखेर सेवा प्रवाह गर्दै आन्दोलन थालनी गरेका हुन् । आन्दोलनमा उपप्रमुख राजेश कुमार बानियाँसहित नेपाली कांग्रेस र एकीकृत समाजवादीका तर्फबाट निर्वाचित वडाध्यक्षको सहभागिता छ ।

वडा अध्यक्ष न्यौपानेमाथि असार ४ गते दिउँसो करिब पौने ४ बजे कार्यालयमै काम गरिरहेकै अवस्थामा आक्रमण भएको थियो । तर, घटनाको एक महिना बितिसक्दा समेत दोषीलाई प्रहरीले पक्राउ गर्न नसक्दा




जनप्रतिनिधि आक्रोशित बनेका हुन् ।

'वडा अध्यक्षमाथि आक्रमण भएको एक महिना भइसक्दा पनि आक्रमणकारीलाई पक्राउ गर्न नसक्नु मकवानपुरको प्रहरी प्रशासनको लाचारीपन हो,' हेटौँडा उपमहानगरपालिका उपनगर प्रमुख राजेश बानियाँले भने, 'जनप्रतिनिधि नै सुरक्षित छैनन् भने आम नागरिकको सुरक्षाको जिम्मेवारी कसले लिन्छ ?'

यस आन्दोलनको केन्द्रमा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ पनि छिन् । कानूनअनुसार कुनै अधिकृतलाई आफ्नै स्थायी ठेगानाको जिल्लामा प्रमुख जिल्ला अधिकारीको रूपमा खटाइनु नहुने व्यवस्था भए पनि श्रेष्ठ गृह जिल्ला मकवानपुरमा पदस्थापन भएकी छन् । यो नै शुरुदेखि विवादको विषय बनिरहेको थियो ।

यस आन्दोलनको केन्द्रमा प्रमुख जिल्ला अधिकारी (सिडिओ) स्किम श्रेष्ठ छिन् । कार्यविधि, २०७९ अनुसार कुनै अधिकृतलाई आफ्नै स्थायी ठेगानाको जिल्लामा सिडिओको रूपमा खटाइनु नहुने प्रावधान हुँदाहुँदै श्रेष्ठलाई गृहजिल्ला मकवानपुरमै पठाइनु विवादको विषय बनिरहेको छ ।

उनको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले असार १२ गतेको बैठकमा औपचारिक रूपमा खेद प्रस्ताव पारित गरिसकेको छ । यसअघि पनि सिडिओविरुद्ध नाराबाजी र दबाब उत्पन्न भइसकेको थियो ।

त्यसैगरी, सहायक प्रमुख जिल्ला अधिकारीको भूमिकाप्रति पनि प्रश्न उठ्न थालेको छ । एक महिनासम्म कुनै ठोस अनुसन्धान नहुनु, जानकारी प्रवाह नहुनु र दोषी पहिचानतर्फ कुनै प्रगति नहुनुमा प्रशासनको सम्पूर्ण संरचनामै कमजोरी रहेको संकेत जनप्रतिनिधिले दिएका छन् ।

उनको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै यसअघि पत्रकारमाथिको दुर्व्यवहार प्रकरणमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले असार १२ गतेको बैठकमा खेद प्रस्ताव पारित गरिसकेको छ । यसैगरी केही महिनाअघि विभिन्न राजनीतिक दलको नाम जोडेर सिडिओविरुद्ध नाराबाजीसमेत भएको थियो ।

केही समयअघि हेटौँडाको मुख्य बजार क्षेत्रमा दिउँसै व्यवसायी कुटिएको घटना र त्यसपछि वडा अध्यक्षमाथिको आक्रमण हुनु, तर पनि प्रहरी प्रशासनले कुनै ठोस कारबाही अघि नबढाउनु, मकवानपुरको सुरक्षा स्थितिमाथि गम्भीर प्रश्न उठाउने घटना हुन् ।

प्रहरी उपरीक्षक विश्वराज खड्का र प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको नेतृत्वमाथि चौतर्फी आलोचना भइरहेको छ । जनप्रतिनिधिहरूको भनाइ छ, 'प्रहरीले खोजीसमेत गर्न छाडेको छ । हामी आफैँ असुरक्षित महसुस गर्दैछौँ ।' हाल वडा अध्यक्षहरूले दुई दिनसम्म प्रशासन कार्यालयभित्रै सेवा दिँदै विरोध जनाउने र त्यसपछि आन्दोलनको नयाँ चरण घोषणा गर्ने जनाएका छन् । उनीहरूको माग स्पष्ट छ, 'दोषीलाई चाँडोभन्दा चाँडो कानूनी दायरामा ल्याइयोस्, नत्र स्थानीय सरकार बाध्य भएर आन्दोलनलाई चर्काउनेछ ।'

# अध्यक्षले नै उखेलेर फालिदिए वनले गाडेको किला

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर १ सिद्धपुरमा पर्ने राष्ट्रिय वनको जग्गामा वन कार्यालयले नापजोख गरेर गाडेको किलाखुटा गाँउपालिकाका जनप्रतिनिधिले उखेलेर फालिदिएका छन् । सिद्धपुर गाँउका भूमिहीन दलितहरुले वर्षौंदेखि खनजोत गरेर उपभोग गर्दै आएको करिब ५ बिघा जग्गामा शनिबार वन कार्यालयको टोलीले नापजोख गरेर किलाखुटा गाडेको थियो । त्यसबारे स्थानीय भूमिहीन दलितहरुले खबर गरेपछि आइतबार पुगेका गाउँपालिका अध्यक्ष यशवन्त यादव, वडाध्यक्ष वासुदेव महत्तो थारुसहितका जनप्रतिनिधिहरुले वन कार्यालयले गाडेको किलाखुटा उखेलेर फालिदिएका हुन् ।

भूमिहीन दलितहरुले पुस्तौँदेखि खनजोत गरेर खेतिपाती गर्दै आएको जग्गामा वन कार्यालयले जनप्रतिनिधिहरुसँग कुनै समन्वय र सल्लाह नै नगरेर किलाखुटा गाडेकाले आफूहरुले उखेलेर फालिदिएको गाउँपाालिका अध्यक्ष यादवले बताए । गाउँपालिका अध्यक्ष यादवले भूमिहीन दलितका लागि अर्को व्यवस्था नभएसम्म जग्गामा छेडखानी नगर्न वन कार्यालयलाई चेतावनी समेत दिए ।

अध्यक्ष यादवका अनुसार, दुई हप्ता पहिले वन कार्यालयका कर्मचारीसँग वनको जग्गा अतिक्रमणमुक्त गर्नेबारे भएको छलफलमा यादवले भूमिहीन दलितहरुका लागि अर्को व्यवस्थापन नभएसम्म जग्गामा किलाखुटा गाड्ने काम शुरु नगर्न भनेका थिए । तर आफूहरुसँग कुनै समन्वय नै नगरी शनिबार अचानक वनको टोली आएर जग्गमा किलाखुटा गाडेर भूमिहीनमाथि अत्याचार गरेको यादवले बताए ।

# बाराका व्यापारी काठमाडौँमा लुटिए

**मधेशदृष्टि**
**वीरगंज ।**

बाराको सिम्रौनगढ नगरपालिका–८ कचोरवाका अरुण कुमार साहमाथि काठमाडौँको कीर्तिपुरमा कुटपिट तथा लुटपाट भएको छ ।

कपडा व्यवसायका लागि कीर्तिपुर गएका बेला हिजो दिउँसो अपरिचित ४–५ जनाको समूहले साहमाथि एक्कासी आक्रमण गरी अनुहारमा छुरा प्रहार गर्दै गम्भीर घाइते बनाएको परिवार स्रोतले जनाएको छ । घटनापछि उनलाई कीर्तिपुर प्रहरीले उद्धार गरी नजिकको अस्पतालमा उपचारका लागि पठाइएको छ । पीडित पक्षले दोषी समूहलाई छिटोभन्दा छिटो पहिचान गरी कानूनबमोजिम कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेको छ । घटनाबारे अनुसन्धान भइरहेको कीर्तिपुर प्रहरीले जनाएको छ ।

# एमाले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबीच भेट



**काठमाडौँ ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच भेटवार्ता हुनु सकारात्मक भएको पार्टीका नेताहरूले प्रतिक्रिया दिएका छन् ।

अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीबीच आइतबार एमाले केन्द्रीय कार्यालय, च्यासलमा करिब डेढ घण्टा भेटवार्ता भएको थियो । पूर्वराष्ट्रपति भण्डारीले पार्टीको राजनीतिमा आउन मिल्ने नमिल्ने बहसका बीच उनीहरूबीच भएको छलफलले बहसलाई निचोडमा लिन सहयोग पुग्ने ठानिएको छ ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्ष ओलीले शनिबारको पोलिटब्यूरो बैठकमा दिएको जानकारीबमोजिम पूर्वराष्ट्रपति भण्डारीसँग छलफल गरेको र यो सकारात्मक रहेको पत्रकारहरूलाई बताए । उनले पूर्वराष्ट्रपति भण्डारीले पार्टीको सदस्यता नवीकरण गरेको कुरा पार्टी महासचिवबाटै सार्वजनिक भइसकेको जिकीर गरे ।

एमालेको केन्द्रीय कमिटी बैठक सोमबारदेखि हुने भएकाले पनि त्यसको अघिल्लो दिन उनीहरूबीच भएको भेटवार्तालाई अर्थपूर्ण मानिएको छ ।

पार्टी सचिव योगेश भट्टराईले पार्टीभित्र यो कित्ता र त्यो कित्ताका हिसाबले गरिने व्यवहार उचित नहुने भन्दै बाहिर विवाद बढाउनुभन्दा पार्टी नेतृत्व र पूर्वराष्ट्रपतिबीच सौहार्द छलफलबाट विषयको टुङ्गो लाग्नुपर्नेमा जोड दिए । केन्द्रीय कमिटी बैठकमा आगामी भदौ २० देखि २२ सम्म हुने दोस्रो विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधनसहितका प्रस्तावमाथि छलफल हुने कार्यसूची रहेको जनाइएको छ ।

# देशभरका ११ राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**वीरगंज ।**

मुलुकभर परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट देशभरका ११ राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार शनिबार साँझदेखि परेको अविरल वर्षाका कारण ११ मुख्य राजमार्ग अवरुद्ध भएका हुन् । अवरुद्ध हुनेमा संखुवासभास्थित कोशी राजमार्ग, पाँचथरस्थित मेची राजमार्ग, पाँचथरस्थित तमोर करिडोर सडकखण्ड, पाँचथरस्थित मध्यपहाडी लोकमार्ग रहेका छन् ।

यस्तै, रसुवास्थित पासाङ–ल्हामु राजमार्ग, बागलुङस्थित कालीगण्डकी करिडोर, मुस्ताङस्थित जोमसोम–लोमान्थाङ सडक, रोल्पास्थित शहीद राजमार्ग, रुकुम पश्चिमस्थित जाजरकोट–डोल्पा भेरी करिडोर र बैतडीस्थित महाकाली राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन् । यसैगरी, काठमाडौँको टोखाबाट नुवाकोट जाने सडकखण्ड, बागलुङ नगरपालिकास्थित कालीगण्डकी करिडोर, बागलुङको गलकोटस्थित मध्यपहाडी लोकमार्ग, नवलपरासी पूर्वस्थित कालीगण्डकी करिडोर, रोल्पाको परिवर्तन गाउँपालिकास्थित शहीद राजमार्ग एकतर्फी सञ्चालन भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# देशका विभिन्न स्थानमा भारी वर्षा मापन

**काठमाडौँ ।**

देशका विभिन्न क्षेत्रमा गएको १२ घण्टामा भारीदेखि अति भारी वर्षा मापन भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो १२ घण्टामा सबैभन्दा बढी कास्कीको लुम्लेमा एक सय ५१ मिलीमिटर वर्षा भएको छ । यस्तै धनकुटामा एक सय २१, सुनसरीमा एक सय ३०, इलाम माइपोखरीमा एक सय २१ मिलीमिटर वर्षा भएको छ । यी चार स्थानमा अतिभारी वर्षा मापन भएको विभागले जनाएको छ । अन्य धेरै जिल्लामा भारी वर्षा भएको छ ।

पूर्वी नेपालमा बढी वर्षा भएको जानकारी दिँदै विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले आइतबार मध्य र पश्चिम क्षेत्रमा भारी वर्षा गराउने प्रणाली सर्दै आएको जानकारी दिनुभयो । भोलिसम्म यो अवस्था रहने र विस्तारै हट्दै जाने पनि उनले बताए ।

मौसमविद् अधिकारीका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा थोरै उत्तरतिर रहेको छ । यसका कारण नेपालमा वर्षा गराउने प्रणाली विकसित भएको हो ।

अन्य भारी वर्षा भएका जिल्लामा सिन्धुपाल्चोक, कास्की, पर्वत, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, तनहुँ, खोटाङ, सोलुखुम्बु, संखुवासभा, तेह्रथुम, म्याग्दी, झापामा पनि पछिल्लो २४ घण्टामा भारी वर्षा भएको छ । अन्य केही पहाडी जिल्लाका पहाडी क्षेत्रमा पनि भारी वर्षा भएको विभागले जनाएको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार पर्वत जिल्लास्थित मोदीखोला जलमापन केन्द्रमा हालको जलसतह सतर्कता तह आसपास बढ्दो क्रममा रहेकाले नदी तटीय क्षेत्र आसपास बसोबास गर्नेहरूलाई सावधानी अपनाउन अनुरोध गरिएको छ ।

यसैगरी बिहान इलामको कन्काइ मैनाचुलीमा पनि जलसतह सतर्कता तह आसपास पुगेको थियो । सुनसरीको सार्दुल खोलामा पनि जल सतहले सतर्कता तह पार गरेको थियो । सुनसरीको बूढीखोला दुहबी जलमापन केन्द्रमा राति १:२० बजे भने जलसतहले खतराको तह नै पार गरेपछि साइरन बजेको थियो ।

# एनसिसी कतारको पञ्जीकृत सदस्यतामा ५४९३ आवेदन

**रामएकवाल राम**
**दोहा, कतार ।**

गैरआवसीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारले आह्वान गरेको पञ्जीकृत सदस्यता आवेदन शनिबार मध्य रातिबाट बन्द गरिएको छ । २०२५–२०२७ कार्यकालका लागि जुलाई ४ मा एनसिसी कतारको स्थानीय पोर्टलमार्फत खुला गरिएको सदस्यताका लागि ५ हजार ४ सय ९३ जनाले आवेदन दिएको संघ कतारका महासचिव रवीन मगरले जानकारी दिए ।

महासचिव मगरका अनुसार आवेदन प्राप्त भएकामध्ये ४ हजार २ सय ४६ जनाको प्रमाणित भएको र १ हजार ५५ जनाको प्रमाणित हुन बाँकी रहेको तथा १ सय ९२ जनाको ड्राफ्टमा रहेको जानकारी गराए ।

मगरले सदस्यता प्रमाणिकरण अवधीमा अस्वीकृत भएका र ड्राफ्टमा भएको आवेदनमा नपुग कागजातको सम्पूर्ण जानकारी सम्बन्धित व्यक्तिको इमेलमै जाने बताए । नपुग कागजात इमेलको लिंकमा गई एनसिसी कतारको पोर्टमा अद्यावधिक गर्न सबैमा अनुरोध गरेका छन् ।

# बरहथवामा कर्पोरेट डेभलपमेन्ट बैंकको पाँचौँ शाखा

**मधेशदृष्टि**
**सर्लाही ।**

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडले आइतबार बरहथवा नगरपालिका–७ मा नयाँ शाखा औपचारिक रूपमा उद्घाटन गरेको छ । सर्लाही–३ का संघीय सांसद तथा पूर्वरक्षामन्त्री हरि प्रसाद उप्रेती र बैंकका अध्यक्ष डा. जैनुद्दीन अन्सारीले संयुक्त रुपमा शाखा उद्घाटन गरेका हुन् । सांसद उप्रेतीले बरहथवामा शाखा विस्तार गर्नु बैंकको दूरदृष्टि भएको उल्लेख गरे । उनले बैंकले स्थानीय जनताको आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै बैंकका सेवा र पहुँचको खुलेर प्रशंसा गरे ।




कार्यक्रमको अध्यक्षता बैंकका अध्यक्ष डा. जैनुद्दीन अन्सारीले गरेका थिए । अध्यक्ष अन्सारीले कर्पोरेट डेभलपमेन्ट बैंकको यो पाँचौँ शाखा भएको जानकारी दिँदै निकट भविष्यमा अन्य ग्रामीण क्षेत्रमा समेत शाखा विस्तार गर्दै लैजाने योजना रहेको बताए । कार्यक्रममा स्वागत मन्तव्य बैंकका प्रमुख कार्यकारी अधिकृत लाल बहादुर थिङले गरेका थिए । बैंकका सञ्चालक बसरुद्दीन अन्सारीले पनि मन्तव्य व्यक्त गरेका थिए । बरहथवा शाखाबाट स्थानीयस्तरमा वित्तीय पहुँच सहज हुने र कृषक, व्यवसायी तथा सर्वसाधारण सबैले प्रत्यक्ष लाभ लिनसक्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, व्यवसायी, समाजसेवी, पत्रकार, बैंकका कर्मचारी तथा सर्वसाधारणको उपस्थिति थियो । बैंकको नयाँ शाखाले आर्थिक समावेशीकरण, रोजगारी सृजना तथा स्थानीय उद्यम विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन